www.musickhabar.com

# म्यूजिक खबर

Musickhabar Bi-weekly Magazine पाक्षिक

वर्ष १, अंक ५, २०७३ पौष १ देखि १५ सम्म रु.१५।-



९ मलाई लोकदोहोरी गायिका भन्नमा गर्व लाग्छ











# आवाजको उडान

आजकाल कलाकारको लोकप्रियताको एउटा मानक विदेशमा आयोजना हुने कार्यक्रममा निम्ता पाउनु हो । लोकप्रिय र सफल गायक गायिकालाई नै विदेशमा धेरै बोलाइन्छ पनि । आफ्नो आवाजको दमले सन् २०१६ मा भएको सांगीतिक कार्यक्रमहरुमा धेरै गायक गायिकाले विदेशको उडान भरे । अङ्ग्रेजी नयाँ वर्षको अवसरमा हामीले गत वर्ष धेरै विदेशका कार्यक्रममा सहभागी हुने कलाकारबारे उल्लेख गरेका छौं । को धेरै विदेशमा पुगे, को कहाँ कहाँ पुगे भन्ने बारे म्यूजिक खबरले तयार पारेको रिपोर्टिङ पृष्ठ ५ मा











म्यूजिक खबर
www.musickhabar.com
Musickhabar Bi-weekly Magazine पाक्षिक

## रिलिज कर्नर

### रेखाको तिमी बिना



'सिमसिमे पानीमा' बोलको सदाबहार गीत बाट चर्चित बनेकी शाह यतिबेला सम्म पनि संगीतकै बाटोमा सक्रिय छिन् । पछिल्लो समयमा उनकै स्वरमा सजिएको आधुनिक गीत 'तिमी बिना" को म्युजिक भिडियो सार्वजनिक भएको छ । मुम्बइको एसराज स्टडियोमा एरेञ्ज तथा रेकर्ड गरिएको उक्त गीतमा कमल खत्रीको संगीत छ भने गीतका शब्दहरू गीतकार भूपेन्द्र खड्काले रचना गरेका हुन । भिडियोको निर्देशन नीतिनकुमार चन्दले गरेका हुन् । भिडियोमा अभिनेता आयुष्मान देशराज जोशीसंगै गायिका रेखा शाह आफैले अभिनय गरेकी छिन् । गीतको म्युजिक भिडियो उनकै युट्युब च्यानलमा हेर्न सकिन्छ ।

सिङ्गल ट्र्याकमा रेखासंगै गौरव डोगाउँकरको स्वर पनि सुन्न पाइन्छ । डोगाउँकर बलिउडका प्रसिद्ध गायक तथा संगीतकार हुन् । बलिउडको चलचित्र संगीतका चर्चित कलाकारसंग रेखाले नेपाली संगीतलाई जोडेकी छिन् । यो गीतमा निलेशको संगीत संयोजन रहेको छ ।

### बादलभित्र जून




बादलभित्र जून लुकेको बेला, बाटोबीच ठेस लागेको बेला... गीतकार धनबीर थापाका शब्दमा संगीतकार राजु सिंहको संगीतमा दिपक लिम्बूको सुमधुर स्वर सजिएको छ । वेष्ट टोन म्यूजिकले बजार प्रबर्द्धन गरेको बादलभित्र जून बोलको एल्बम अब छिट्टै बजारमा आउन लागेको छ ।

गीतकार वसन्त वित्यासी थापाको प्रस्तुतिमा आउन लागेको एल्बम बादलभित्र जून को म्यूजिक भिडियो सार्वजनिक भएको छ । सारिका घिमिरे र दिनेश केसीको अभिनय रहेको यस भिडियोलाई सन्जय पाण्डेले निर्देशन गरेका हुन् । नवराज उप्रेती र राजेन्द्र पाण्डेको छायाँकन रहेको यस म्यूजिक भिडियोलाई राजेन्द्र पाण्डेले सम्पादन गरेका छन् ।

### भुषणको हाँसी हाँसी



भुषण खतिवडा एउटा राम्रो प्रतिभा र आशालाग्दो प्रतिभा हुन् । उनको स्वरको मिठासलाई पत्याउनेहरू पनि छन् । संगीतमा राम्रो ज्ञान राख्ने भुषणले यतिबेला भने हाँसी हाँसी बोलको गीत लिएर आएका छन् । गीतकार शितल कादिम्बिनीको शब्दमा हरि लम्सालको संगीत रहेको गीतभित्र गायक भुषणले न्यायपूर्वक स्वर प्रदान गरेका छन् । मायाप्रेमभित्रको एउटा कथालाई काँगडा र टिस्टाभित्र मनभित्र नै समावेश गर्दै प्रदेश र जिल्ला छुट्याउने काम गरिएको छ । मेची महाकालीलाई पनि मुटुभित्रै समावेश गर्दै सुख र सुविस्तालाई पनि मायासँगै जोड्न सफल यस गीतको म्यूजिक भिडियोलाई विशाल भण्डारीले निर्देशन गरेका छन् । अर्जुन तिवारीको समूहले छायाँकन रहेको यस गीतको म्यूजिक भिडियोलाई निशान घिमिरेले सम्पादन गरेका छन् । यस गीतको निर्माता भने लक्ष्मीप्रसाद खतिवडा रहेका छन् ।

# हिरादेवी वाइवाका गीतलाई पुनर्जीवन



**म्यूजिकखबर** । सन् १९७० दशककी चर्चित लोक गायिका स्वर्गीय हिरादेवी वाइवाका गीतहरू अब नयाँ एरेन्जमेन्टमा आउने भएका छन् । हिरादेवीका सन्तानहरू नवनीत आदित्य वाइवा (छोरी) र सत्य आदित्य वाइवा (छोरा) ले आमाद्वारा गाइएका केही गीतहरूलाई पुनरजीवन दिन गीतहरूको रि–मास्टरिङ तथा रेकर्डिङ्ग गरेका छन् । 'फरिया ल्याइदेछन, त्यो पनि राता घनन....' 'धनकुटाको डाँडैडाँडा, चल्यो हुलाकी.....' 'आइस्याङ्वो सहनाईको संकेतले सम्झायो सइबैलाई......' जस्ता ठेट पूर्वेली भाकाहरू अब स्वर्गीय हिरादेवीकी सुपुत्री नवनीत आदित्य वाइवाको स्वरमा सुन्न सकिने छ ।

उनीहरूको राजधानीमा प्रेस भेटघाटको कार्यक्रम राखेर आफूहरूले आमाको गीतलाई पनर्जीवन दिनका लागि नयाँ एरेन्जमेन्ट र रिमास्टरिङ गरेको बताए । उनीहरूले नेपाली लोक जीवन, त्यसको मौलिकता र साँस्कृतिक भाव बोकेको हिरादेवीका स्वरहरूलाई आउँदा पुस्तासम्म पुऱ्याउनु मात्रै नभई नवनीत र सत्यले यसलाई आमाप्रतिको सच्चा श्रद्धाञ्जली समेत हुने बताएका छन् ।

सन् १९६६ मा पहिलो पटक रेडियो नेपालबाट गायन यात्रा शुरू गरेकी हिरादेवी वाइवाको सन् २०११ जनवरी ११ का दिन निधन भएको हो । करिब ४० वर्षे गायन अवधिमा उनले ३ सय भन्दा बढी गीतहरू गाएकी छन् । ती मौलिक तथा कालजयी गीतहरूलाई पुनरजीवन दिने अभियानमा दिदी–भाइ नवनीत र सत्यलाई चर्चित कुटुम्ब व्याण्डका सदस्यहरूले सघाएका छन् ।

# लोप्चनको 'झिने चुरा'




**म्यूजिकखबर** । चितवनका गायक मिलन लोप्चनको दोहोरी गीति एल्बम झिने चुराको सार्वजनिक गरिएको छ । नारायणगढको आँपटारीस्थित पार्कमा एक कार्यक्रम गरी एल्वमको विमोचन गरिएको हो । गायक लोप्चन, शब्द तथा लयकर्ता विरही कार्की सहितका अतिथिहरूले संयुक्त रूपमा विमोचन गरेका हुन् । विरही कार्कीको शब्द तथा लयमा तयार पारिएको गिती एल्बम झिने चुरामा महिला तर्फ जुनु रिजालले स्वर दिएकी छिन् । विमोचन कार्यक्रममा बोल्दै गायक लोप्चनले पहिलो पटक गायनको अनुभव संगालेको बताए । पहिलो पटकको प्रयासलाई मुल्यांकन गर्ने जिम्मा दर्शक तथा स्रोतालाई दिएको समेत लोप्चनको भनाइ छ । कार्यक्रममा गीति एल्बमका शब्द तथा लयकर्ता विरही कार्कीले गायक लोप्चनबाट आफु पूर्ण रूपमा सन्तुष्ट रहेको बताए । पहिलो पटक भेट हुँदा सामान्य जस्तै लागेपनि लोप्चन भित्रको प्रतिभाले आफुलाई प्रभावित बनाएको कार्कीले बताए । विमोचन कार्यक्रममा बोल्ने संगीतकला पत्रकार संघका सुमन बैरागी, संगीतकार मधुसुदन घिमिरे, पत्रकार सुवास पण्डित, राजु थापा लगायतले गायक मिलन लोप्चनको स्वर व्यवसायिक कलाकारको भन्दा कम नरहेको प्रतिक्रिया दिए । कार्यक्रम गायक मिलन लोप्चनकै अध्यक्षतामा आयोजना गरिएको हो ।

# लोकगायक थापाको निधन



**म्यूजिकखबर** । लोकगायक तथा संगीतकार मधुबाबु थापाको ६३ वर्षको उमेरमा निधन भएको छ । रेडियो नेपालमा कार्यरत गायक तथा संगीतकार मधुबाबु पौष ७ गते बिहीबार बाथरूममा लडेर घाइते भएपछि उपचारका क्रममा निधन भएको उनको निकट रहेकी गायिका चन्द्रकला शाहले जानकारी दिइन् । बिहान रेडियो नेपालको ड्युटी सकेर घर गइ नुहाउने क्रममा बाथरूममा लडेर घाइते भएपछि उपचारका क्रममा मोडेल अस्पतालमा निधन भएको हो शाहले बताइन् । थापाको केही वर्ष पहिला मात्र श्रीमतीको क्यान्सरबाट निधन भएको थियो भने उनी सुगर र प्रेसरका बिमारी थिए ।

२०३९ सालमा रेडियो नेपालमा पहिलो गीत 'भैगो हजुर मायाजाल नबुन– गैगो हजुर माया लाउने दिन' रेकर्ड गराउनुभएका मधुबाबुले चौतारी, काठमाडौं, रामरस, जोवन कोपिला, रातो पछ्यौरी, धन्यवाला मायालु, तिजको कोसेली भाग १, ३, ४, नौरङ्गी डाँफे, छकछके रेलमा, कर्णालीको सेरोफेरो, कर्णालीको लहर, झुम्के बुलाकी, कृष्णलीला, शोक लहरी, पहुरा भालेपोथी, गिट्टी कुटेर, पानी खोलाको, देउसी भैलोलगायत तीन दर्जनभन्दा बढी गीति एल्बम बजारमा ल्याउनुभएको छ । २०१० मा दाङको राजपुर गाविसमा जन्मिएका मधुबाबुको २ वर्षको उमेरमा आँखाको दृष्टि गुमेको थियो ।





# रिदम ब्याण्डसँगै दीपक

**म्यूजिकखबर** । नेपाली पप गायन तथा सांगीतिक क्षेत्रमा गायक दीपक बज्राचार्य पप गायनको चर्चित नाम हो । विगत देखि नै कर्णप्रिय पप गीत संगीतमार्फत श्रोताको मन जित्दै आएका गायक बज्राचार्य झण्डै २ दशकभन्दा लामो समयदेखि यो क्षेत्रमा सक्रिय छन् । आज पनि गायक बज्राचार्यलाई लाखौं दर्शक तथा श्रोताहरू उनका लोकप्रिय गीतहरू काली काली हिस्सी परेकी, ओ अमिरा, मायाको डोरीले, अँध्यारोमा आउँछौ तिमी, फर्केर आउने छैन जस्ता गीतबाट सम्झिन्छन् । गायक बज्राचार्य आफ्नो अघिल्लो पुस्ताका गीतहरूका कारणमात्र लोकप्रिय छैनन् । लामो समयदेखि आफ्नै रेकर्डिङ स्टुडियो सञ्चालन गरिरहेका उनी विगत केही वर्षयता नेपाली पप संगीतमा परम्परागत तथा पौराणिक बाजाहरू प्रयोग गर्दै ती गीतहरूलाई लोकलयमा ढालेर नौलो स्वाद पस्किन तल्लिन छन् । खासगरी नेपाली संस्कृति अनुसार भजन तथा पूजाआजा गर्ने क्रममा बजाइने पौराणिक तथा परम्परागत बाद्ययन्त्रहरूलाई आफ्ना गीतमा समायोजन गर्ने उनको योजनाले सार्थक रूप पाउँदैछ । पछिल्ला केही वर्ष यता उनी धिमे, खैंजडीसहित नेपालका उपलब्ध हरेक प्रकारका पुराना तथा लोप हुने क्रममा रहेका बाजाहरूको प्रयोग तथा संरक्षणमा पनि लागेका छन् ।

गायक बज्राचार्यलाई नेपाली परम्परागत तथा पौराणिक बाजाहरूप्रति आकर्षित गराउने काम उनी आफैं प्रस्तुत भएको 'क्रिम अफ रिदम' शीर्षकको वृतचित्रले पनि गरेको हो । भूषण दाहालको निर्देशनको उक्त वृत्तचित्रमा सहभागी भएपछि उनी पौराणिक तथा परम्परागत बाजाहरू प्रति आकर्षित भएका हुन् । विदेश भ्रमणका बेला विदेशीहरूले नेपाली पप गीतमा नेपालीपन नै नभएको टिप्पणी गरेपछि पनि गायक बज्राचार्य परम्परागत नेपाली बाजाको खोजिमा जुटेका हुन् । यसैबीच आफ्ना मौलिक तथा परम्परागत बाजाहरूको प्रयोग गर्दै गायक बज्राचार्यले गाएका २ नयाँ गीतहरूका म्यूजिक भिडियो सार्वजनिक गरिएको छ । पहिलो गीत 'अल्लारे ...'को निर्देशन सञ्चारकर्मी सुव्रत आचार्यले निर्देशन गरेका छन् भने दोश्रो गीत 'सानी ...'को निर्देशन निकेश खड्काले गरेका छन् । यी २ गीतमा गायक दीपक बज्राचार्यको स्वर छ भने रिक्की शाक्य यी गीतका रचनाकार हुन् । २ वटै गीतलाई गायक दीपक बज्राचार्य तथा रिदम ब्याण्डले संगीतबद्ध गरेका छन् । गीतमा गायक बज्राचार्यको संगीत संयोजन छ ।

# भरतलाई बद्रीको पारिश्रमिक



**म्यूजिकखबर** । राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालका अध्यक्ष एवं चर्चित गायक बद्री पंगेनीले पाँचौं धादिङ महोत्सवको अवसर पारेर राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल बाग्मती अञ्चलका बरिष्ठ उपाध्यक्ष भरत बराकोटीलाई दश हजार सहयोग दिएका छन् । गायक पंगेनीले धादिङमा भएको महोत्सवबाट पाएको पारिश्रमिकबाट १० हजार सहयोग गरेका हुन् । केही समय अघि सडक दुर्घटनामा परी खुट्टा गुमाउन पुगेका बराकोटीलाई कृतिम खुट्टा हाल्नका लागि सहयोग जुटाउने क्रममा गायक पंगेनीले व्यक्तिगत रूपमा आएको पारिश्रमिकबाट १० हजार रकम दिएर सहयोगको सुरूवात गरेका हुन् । पंगेनीले उनको कृतिम खुट्टा हाल्नका लागि प्रतिष्ठानले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । गायक पंगेनीले सहयोग हस्तान्तरण गरेपछि म्यूजिक खबरसँग कुरा गर्दै भने यो त मैले सुरूवात मात्र गरेको हुँ, यसमा सबै संगीतकर्मीहरूको सहयोग रहनेछ भने प्रतिष्ठानले पनि भरतजीको लागि सक्दो सहयोग गर्नेछ ।

# भावसागरसँगै समाजसेवा



**म्यूजिकखबर** । लामो समयदेखि अमेरिका बस्दै आएकी गीतकार तथा कवियत्री अम्बिका गुरूङको एल्बम भावसागर भाग २ तथा कवितासंग्रह भागसागर भाग २ सार्वजनिक गर्दै संयुक्त आपंग एकता आवाज केन्द्रका अनाथ बालबालिकालाई न्यानो कपडा बितरण गरेकी छन् । गोकर्णस्थित संयुक्त अपांग एकता आवाज केन्द्रमा शुक्रवार सार्वजनिक गर्दै केन्द्रमा आश्रय लिइरहेका ४१ जना बालबालिकाहरूलाई सामूहिक भोजन गराइएको थियो । साथै कार्यक्रममा केन्द्रमा आश्रति बालबालिकाहरूले नृत्य प्रदर्शन गरेर समारोहलाई मनोरञ्जक प्रदान गरेका थिए । विमोचित एल्बममा संगीतकार प्रकाश लेप्चाद्वारा संगीतबद्ध आधुनिक, लोक तथा पप शैलीका गीतहरू समावेश गरिएका छन् । राजेशपायल राई, दीपक लिम्बु, रिमा गुरूङ होडा, मिलन अमात्य तथा राज सिग्देलले स्वर दिएका छन् ।

# श्रेष्ठ र देशारलाई नारायण गोपाल युवा सङ्गीत पुरस्कार



**म्यूजिकखबर** । राष्ट्रिय युवा सेवा कोषले प्रत्येक वर्ष प्रदान गर्दै आएको नारायण गोपाल युवा सङ्गीत पुरस्कार सङ्गीतकार सन्तोष श्रेष्ठ र गायिका निशा देशारलाई प्रदान गरिने भएको छ । यसवर्षको युवा संगीत पुरस्कारबाट लोकप्रिय युवा सङ्गीतकार सन्तोष श्रेष्ठ र लोकप्रिय गायिका निशा देशारलाई संयुक्तरूपमा प्रदान गर्ने निर्णय कोषले जनाएको छ । साथै यसै कोषबाट अरनिको युवा कला पुरस्कार चित्रकारद्वय ज्योतिप्रकाश बी.क. र पृथ्वी श्रेष्ठलाई संयुक्तरूपमा प्रदान गर्ने निर्णय गरिएको छ । हरेक वर्ष मौलिक कला संस्कृतिको क्षेत्रमा क्रियाशील रहेका ४० वर्ष ननाघेका युवा सङ्गीतकर्मी तथा कलाकर्मीलाई नगद ५० हजार, स्वर्ण पदक र सम्मान पत्र सहित सम्मान गर्ने गरिएको छ ।


# बिष्टको भरोसा गजलमा




**म्यूजिकखबर** । गायिका रेनु बिष्ट केसी तेश्रो एल्वम 'भरोसा' लिएर आउँदै छिन् । यो भन्दा अगाडि 'पहिलो पाइला' र 'अन्तर्ध्वनी' एल्वम मार्फत श्रोता दर्शक मार्फत स्थापित भएकी गायिका केसीले यसपटक एल्बममा रहेका गीत गजल पालैपालो सार्वजनिक गर्ने बताएकी छन् । एल्वमको पहिलो कोशेली स्वरूप दर्शक श्रोतालाई रूवाउने गजल सार्वजनिक गरेको छु रेनुले भनिन् । लोकराज अधिकारीको शब्द हरि लम्सालको संगीत रहेको गजल केसीले रेकर्ड गरेको एक बर्षपछि सार्वजनिक गरेकी हुन । 'रूवाउँदिन तिमीलाई' बोलको गीत मार्फत नेपाली सांगीतिक क्षेत्रमा स्थापित गायिका रेनुको यस अघिको गजल फेरी एक हुन मिल्छ र प्रिय गीतकार संघ नेपालको स्रष्टा सम्मान कार्यक्रमको बर्षको उत्कृष्ट गीतमा टप १० मा समेत मनोनयनमा परेको थियो । संगीता राना प्रधानसँग संगीत प्रशिक्षण लिइरहेकी रेनु श्रीमान किरण केसीको प्रेरणा सहयोग र घर परिवारको सधैको हौशलाले अगाडी बढिरहेकी छन् । एल्वम म्यूजिक संसार नेपाल प्रालिले बजारमा ल्याउन लागेको हो ।

हार्दिक श्रद्धाञ्जली

जन्म
२०१० वैशाख १
सौडियार–५, राजपुर
दाङ



मृत्यु
२०७३ पौष ७
काठमाण्डौ

मधुबाबु थापा, गायक/सङ्गीतकार

नेपाल सांगीतिक संघका आजीवन सदस्य एवम् वरिष्ठ गायक तथा सङ्गीतकार मधुबाबु थापाको ७३ वर्षको उमेरमा असामयिक निधन भएकोमा उहाँको मृत आत्माको चीर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं साथै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

मिलन मोक्तान
अध्यक्ष
नेपाल साङ्गीतिक सङ्घ, परिवार
डिल्लीबजार, काठमाडौं । फोन:४४१२०३२
www.musicassociationofnepal.com
Email: musicassociationnepal@gmail.com

म्यूजिक खबर
www.musickhabar.com
Musickhabar Bi-weekly Magazine पाक्षिक

सल्लाहकार
डा.कृष्णहरि बराल
डा.नवराज लम्साल
शान्तिप्रिय
नारायण रायमाझी
टीका भण्डारी
सन्तोष श्रेष्ठ

प्रकाशक/सम्पादक
सविता पोखरेल

प्रधान सम्पादक
सुमन बैरागी

निर्देशक
मिलन मोक्तान

सम्वाददाता
राधिका अधिकारी
दिनेश थापा

व्यवस्थापक
अविनाश लम्साल

तस्वीर
नवीनबाबु गुरुङ

## सम्पादकीय

# गीतसंगीतको वर्ष बनोस् २०१७

हाम्रो गीतसंगीतको भविश्य अझ चम्कँदै छ । बजार हल्ला प्रतिफल शून्य भनिरहँदा पनि राम्रा गीतले स्थान पाइरहेकै अवस्था छ । चल्तीका गायक गायिका, संगीतकार, एरेन्जर, स्टुडियो, निर्देशक, मोडलहरूमा व्यस्तता बढेकै छ । तर नयाँ आउनेहरूमा भने चुनौति हुनु स्वभाविक नै हो । उनीहरू हाम्रो स्थान छैन भनेर भनिरहँदा नयाँले गर्नुपर्ने मेहनत कति हो भनेर नबुझ्दा र गीत चल्ने नहुँदासम्म उनीहरूको स्थान पत्ता लाग्दैन । तर चर्चाको शिखरमा रहेका गायक गायिकाहरूले भने मुलुकभित्र र मुलक बाहिर सबै ठाउँमा आफ्नो प्रभुत्व जमाइरहेका छन् ।

अङ्ग्रेजी नयाँ वर्ष २०१६ विदाइ गरी २०१७ मा प्रवेश गर्दै गर्दा गीतसंगीत भित्र पनि धेरै उतारचढाव आएकै हुन् । धेरै नयाँको प्रवेश, चर्चितको चर्चा र संगीत उद्योगले आफ्ना धरोहरहरू पनि धेरै गुमाएको वर्षका रूपमा लिन सकिन्छ । हामीले यस वर्ष संगीत उद्योगका होनाहार स्रष्टा अम्बर गुरूङ, खेमराज गुरूङ, मधुबाबु थापा, होमनाथ उपाध्याय, सुनिल बर्देवा, रूवी जोशी लगायतलाई गुमाउनु पऱ्यो । त्यस्तै संगीतकारहरू गायक बन्ने लहरमा सबैभन्दा बढी चर्चामा रहे कालिप्रसाद बास्कोटा र अलमोडा । उनीहरूको गीत 'निर जहिले रिसाउने' र 'पानी पऱ्यो'ले राम्रो बजार पाए । त्यसो त राजनराज शिवाकोटीका लागि पनि २०१६ उत्कृर्षमा पुगेको वर्ष मान्नु पर्छ । त्यस्तै संगीतकार अर्जुन पोखरेलका लागि पनि यो वर्ष अवार्डको वर्षका रूपमा परिचित बन्यो । २०१६ को अन्तिमसम्म आइपुग्दा उनले प्रेमगीतको संगीतबाट ८ औं अवार्ड चुम्न सफल भए । गीतकारका हिसाबमा डा.कृष्णहरि बरालले यो वर्ष सबैभन्दा बढी अवार्ड चुमे भने स्वरमा अन्जु पन्त र युवराज चौंलागाईंको पनि अवार्ड वर्ष मानिन्छ ।


२०१६ लाई हेर्ने हो भने वैदेशिक यात्रामा जानेहरूले पनि राम्रै आम्दानी गरेका छन् अर्थात् आवाजको उडान भर्नेको संख्याको पनि कमी छैन । विदेशमा हुने आयोजकको आँखामा भने धेरै गायक गायिकाहरू पर्न सफल भए । विदेशमा सांगीतिक कार्यक्रम गर्ने गायक गायिकाको सूचिमा भने राजेशपायल राई अग्रपंक्तिमा देखिए । त्यसपछि शिव परियार, प्रमोद खरेल, रामकृष्ण ढकाल, हिमाल सागर, पशुपति शर्मा, बद्री पंगेनी लगायतका गायकहरू अगाडि देखिए भने अन्जु पन्त, मिलन अमात्य, मेलिना राई, माण्डवी त्रिपाठी, मुना थापा, मन्जु पौडेलहरू आवाजको उडानमा व्यस्त देखिए ।

समग्रमा हेर्दा गीतसंगीतबाट नाम र दाम कमाउनेहरूको संख्या कमी भने छैन । बजारमा भन्ने गरिन्छ कि 'संगीतमा लगानी बालुवामा पानी' तर त्यो भन्न मिल्ने ठाउँ पनि छैन । संगीतकार, गायक, गायिका, स्टुडियो, एरेन्जर सबै व्यस्त छन् । कोही स्वदेशको महोत्सवमा त कोही विदेशमा सबै आ–आफ्नो ठाउँबाट आम्दानी गरिरहेकै छन् भने घाटाको व्यवसाय भने पक्कै होइन । तर उचित व्यवस्थापनको अभावमा भने संगीत क्षेत्रले गति लिन नसकेको पक्कै हो । लगानी अनुसारको फाइदा लिनका लागि डिजिटल प्रविधिअनुसार हामी व्यवस्थापनमा कमजोर भएका हौं । २०१६ ले संगीतमा राम्रै छाप छोड्न सफल भएको छ भने २०१७ संगीतको वर्षका रूपमा देखियोस् । सन् २०१७ को सबै संगीतकर्मीलाई शुभकामना ।


सन्तोष श्रेष्ठ

# 'नयाँ राग' निर्माण गर्ने सपना अधुरै रह्यो थापाको

मधुबाबु थापा, नेपाली लोक गायनको क्षेत्रले बिर्सन नमिल्ने नाम हो । मौलिक लोकसंगीतलाई आत्मसात गर्दै उहाँले गाउँको वास्तविक ठेट लोकगीतलाई संकलन गर्दै केन्द्रसम्म ल्याएर रेकर्डिङका माध्यमले जनमानसमा पुऱ्याउन सफल हुनुभएको थियो । विशेष गरेर राप्ती क्षेत्रको मौलिकताका गीतहरूलाई नै संकलन गरेर रेडियो नेपालको स्टुडियोसम्म ल्याउनु भएको थियो । सानै उमेरदेखि गाउँमा हुने पूजाआजा, भजन, रोधी सबैमा संलग्न हुँदै आउनुभएका मधुबाबु थापालाई पनि आफ्नै जन्मभूमिले गीतसंगीततर्फ उन्मुख गराएको देखिन्छ । राप्तीको टप्पा, थारू भाषाका गीत, झ्याउरेलगायतका गीतसंगीतहरूको संकलन, गायनमा थापाले निरन्तरता दिनुभएको छ । जसले गाउँको मौलिक कलालाई मुलुकभरका जनतासामु पुऱ्याउन सफल भएको देखिन्छ ।



माता रेखा कुमारी थापा र पिता प्रेम बहादुर थापाका सन्तानका रूपमा २०१० साल बैशाख १ मा सौडियार–५, राजपुर दाङमा जन्मिनुभएका गायक तथा संगीतकार थापाले नेपाली लोकगीतको भण्डारमा ठूलो योगदान दिनुभएको छ । भगवानले दिएको जे छ त्यही पाइन्छ भनेजस्तै उहाँलाई पनि कलिलो उमेरमा भगवानले संसार देख्ने दृष्टि खोसेर लग्यो अर्थात् २ वर्षको उहाँको कलिलो उमेरमा आँखाको दृष्टि गुमेको थियो । दृष्टिविहीन भएर नै आफ्नो किलिलो जीवन पार गर्नुभएका उहाँले गाउँको नेपाली गीतसंगीतलाई संसार सामु पुऱ्याउन सफल हुनु चानुचुने कुरा थिएन । लौरोको माध्यमबाट गाउँको कुना कुनामा पुगेर त्यहाँको ठेट शैलीलाई संकलन गर्दै राजधानीसम्म ल्याउनु र रेडियो नेपालमा रेकर्ड गराउनु पनि उहाँका लागि ठूलै चुनौतिकै रूपमा उभिएको थियो । उहाँ सधैं संगीतकै विषयमा केही गरौं भनेर नजिकका संगीतकर्मीहरूसँग कुराकानी गरिरहनु हुन्थ्यो । उहाँको सहकर्मीकै रूपमा गायिका चन्द्रकला शाहलाई लिन सकिन्छ । अझ सबैभन्दा नजिक रहेर शाहले थापालाई सहयोग गर्दै आउनुभएको थियो भने सँगै धेरै सांगीतिक कृतिहरू जोडिएर पनि आएका छन् । थापा र शाहको जोडीले दर्जनौं लोकगीतको संकलन र गायनको यात्रा पार गरेको पाइन्छ ।

२०३९ सालमा रेडियो नेपालमा पहिलो गीत 'भैगो हजुर मायाजाल नबुन– गैगो हजुर माया लाउने दिन' रेकर्ड गराउनुभएका मधुबाबुले चौतारी, काठमाडौं, रामरस, जोवन कोपिला, रातो पछ्यौरी, धन्यवाला मायालु, तिजको कोसेली भाग १, ३, ४, नौरङ्गी डाँफे, छकछके रेलमा, कर्णालीको सेरोफेरो, कर्णालीको लहर, झुम्के बुलाकी, कृष्णलीला, शोक लहरी, पहुरा भालेपोथी, गिट्टी कुटेर, पानी खोलाको, देउसी भैलोलगायत तीन दर्जनभन्दा बढी गीति एल्बम बजारमा ल्याउनुभएको छ ।

भारतको इन्दिरा कलानिधि महाविद्यालयबाट 'संगीत प्रभाकर'को उपाधी पाउनुभएका गायक थापाको २०४४ सालमा निस्किएको 'काठमाडौं' दोहोरी एल्बम निकै चर्चित रह्यो । उहाँले २०४७ र २०५० सालमा रेडियो नेपालद्वारा आयोजित लोकगीत प्रतियोगितामा सर्वोत्कृष्ट लोकगीत संकलकको पुरस्कार पाउनुभएको थियो । राष्ट्रव्यापी खुला दोहोरी प्रतियोगितामा तृतीय स्थान हासिल गर्नुभएको थापालाई मध्यपश्चिमाञ्चल सांस्कृतिक परिवार सुर्खेतले २०६३ मा राष्ट्रिय सम्मान समर्पण गरेको थियो । २०६५ मा इन्दिरा कलानिधि महाविद्यालय काठमाडौंले अभिनन्दनसमेत गरेको पाइन्छ । त्यस्तै जन्मभूमि दाङका दर्जनौं संघसंस्थाले उहाँलाई सम्मान गरेको पाइन्छ ।

रेडियो नेपालमा करिब तीन दशकदेखि कार्यरत रहँदै आउनुभएका गायक थापाले करार सेवामै आफ्नो जिन्दगीलाई अन्त्य गर्नुभयो । उहाँको देह त्याग भएको अन्तिम दिन पनि उहाँ रेडियोमा आफ्नो काम सकेर निवास फर्किनु भएको थियो । सरकारी सेवामा समर्पित गरिरहनु भएका एउटा गायक जसले संसार देख्न नपाएरै सरकारलाई सेवा पुऱ्याउन सफल हुनुभएको थियो भने नेपालको कला संस्कृतिमा अतुलनीय योगदान दिइरहनुभएको पनि थियो । तर उहाँले नेपाल सरकारबाट आफू उपेक्षित भएको भने महसुस गरिरहनु भएको थियो । मुलुकमा जातीय, क्षेत्रीय, लैंगिक समानताको कुरा गरिरहँदा, आरक्षणको कुरा गरिरहँदा उहाँ भने अरूसरह आफूलाई प्रतिस्पर्धा गरिरहनुभएको थियो । कहिल्यै पनि आरक्षणको कुरा नगर्ने उहाँ नेपाली गीतसंगीतलाई भने उच्च राख्नु पर्छ भन्नेमा प्रष्ट हुनुहुन्थ्यो ।

**उहाँ सधैं भन्ने गर्नुहुन्थ्यो– 'म नेपाली संगीतलाई नयाँ राग दिएर गरेर मात्र मर्न चाहन्छु । मेरो दृष्टिको कारणले गर्दा तिमीहरुले लेख्न सहयोग गरिदिनु म त्यसको फर्म्याट तयार पार्छु ।' त्यसो भनिरहँदा मलाई लाग्थ्यो रेडियो नेपालभित्रै उहाँको क्षमता के हो भनेर चिनिएको अवस्था रहेनछ । उहाँ लोक संगीतमा पनि शास्त्रीय संगीतको राग भित्र्याएर गीत निर्माण गर्नुपर्छ भन्नुहुन्थ्यो । अहिलेसम्म नेपाली संगीतमा नभएका नयाँ नयाँ रागहरुको निर्माण गर्ने उहाँको सपना अधुरो नै रह्यो । उहाँ जस्तो मुलुकको एउटा विभूतिलाई सरकारले उपेक्षित गऱ्यो, वेवास्ता गऱ्यो भन्ने मैले बुझेको छु ।**

२०६८ सालतिर म आफू पनि संगीतकार थापासँग सांगीतिक शिक्षा लिन पुगेको थिएँ । उहाँभित्र भएको एउटा शास्त्रीय संगीतको भण्डारभित्र म पनि केही समय रमाउने र केही सिक्ने मनसायमा नजिक भएको थिएँ । त्यतिबेला उहाँको बारेमा नजिकबाट केही जान्ने मौका पनि पाएँ । उहाँ सधैं भन्ने गर्नुहुन्थ्यो– 'म नेपाली संगीतलाई नयाँ राग दिएर गरेर मात्र मर्न चाहन्छु । मेरो दृष्टिको कारणले गर्दा तिमीहरूले लेख्न सहयोग गरिदिनु म त्यसको फर्म्याट तयार पार्छु ।' त्यसो भनिरहँदा मलाई लाग्थ्यो रेडियो नेपालभित्रै उहाँको क्षमता के हो भनेर चिनिएको अवस्था रहेनछ । उहाँ लोक संगीतमा पनि शास्त्रीय संगीतको राग भित्र्याएर गीत निर्माण गर्नुपर्छ भन्नुहुन्थ्यो । अहिलेसम्म नेपाली संगीतमा नभएका नयाँ नयाँ रागहरूको निर्माण गर्ने उहाँको सपना अधुरो नै रह्यो । नेपाली संगीतमा नयाँ सोच शैलीबाट धनी बनाउने उहाँको सपना त अधुरो रह्यो तर उहाँ जस्तो मुलुकको एउटा विभूतिलाई सरकारले उपेक्षित गऱ्यो, वेवास्ता गऱ्यो भन्ने मैले बुझेको छु ।

मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल आधुनिक गीत, गजलमा पछाडि परेको महसुस उहाँ गर्नुहुन्थ्यो । आधुनिक गीत गजलको धनी क्षेत्र बनाउनु पर्छ हामी सबै मिलेर भन्ने उहाँको सोच थियो । मलाई सधैं संगीतमा राम्रो गरेको छौं भन्दै तारिफ गर्नुहुन्थ्यो । मध्यपश्चिम क्षेत्रबाट मैले संगीतमा गरेको कामको प्रशंसा उहाँले गरिरहँदा मेरो छाति फुलेर आउँथ्यो, उहाँजस्तो शास्त्रीय विधामा पोख्त एउटा अमर स्रष्टालाई नजिकबाट पाएको थिएँ मैले ।

सरकारी क्षेत्रको विभिन्न ठाउँमा राजनीतिभित्र विभिन्न आरक्षण भइरहँदा उहाँजस्तो प्रतिभालाई सरकारले सधैं करारको जागिरमै सीमित राख्यो, उहाँको प्रतिभाको कदर पनि गरेन र सरकारको सम्मान पनि मिलेन । जे होस् उहाँको योगदान भने नेपाली संगीतले कहिल्यै भुल्न सक्दैन ।



# आवाजको उडान




म्यूजिक खबर डेक्स

गीतसंगीतको क्षेत्र पछिल्लो सयम व्यापार शून्य भएको क्षेत्र भनेर आरोप लगाउने गरिन्छ । पहिला अडियोको समयमा लाखौं लाख बिक्री गरेर घर घडेरी, गाडी जोड्न सफल भएका गायक गायिकाहरूका लागि वास्तवमा अहिलेको डिजिटल प्रविधिले भने साथ नदिएकै हो । प्रविधिअनुसार आफूलाई चलाउन नसक्दा संगीतको व्यवसायले पक्कै पनि उनीहरूलाई प्रतिफलशून्य बनाएको हुनुपर्छ । तर डिजिटल प्रविधिमा प्रवेश गरिसकेपछि धेरै बाटोहरू पनि खुलेका छन् आम्दानीका । केही समय पहिला आरबिटीको जमाना थियो जसले रातारात काठमाडौंमा घर उभ्याउनेहरू पनि यही संगीत उद्योगमै छन् भने अहिले यूट्यूबको खेती गर्नेहरूले पनि राम्रै आम्दानी गरेका छन् । तर सबैले कमाएका छन् भन्ने पनि होइन जो सुरूमा जोखिम मोलेर यो क्षेत्रमा हामफाले तिनीहरूले भने अहिलेको अवस्थामा राम्रो आम्दानी गर्न सफल हुन् भने आरबिटीको व्यापारमा भने 'पर्चेज' गर्ने टोलीको आम्दानी अहिले पनि राम्रै छ ।

पछिल्लो समय चल्तीका गायक गायिकाको कमाइ हुने राम्रो माध्यम भनेको विदेशको कार्यक्रमहरू पर्ने गरेको छ । एउटा गीत बजारमा राम्रो चर्चा पाउन सफल भयो र देशविदेशमा रहेका संगीतप्रेमीले यूट्यूबमा सुनेर राम्रो लाग्ने वित्तिकै विदेशका आयोजकहरूको नजरमा पर्ने गर्छन् गायक गायिकाहरू । भनिन्छ पछिल्लो समय विदेश जानेमा कहीँ जातीय समुदायको कुरा आउँछ भने आयोजकको निर्देशन पालना गर्ने गायक गायिका पनि त्यो चल्तीका गायक गायिकासँगै विदेशको कार्यक्रमका लागि उडाने भर्ने गर्छन् । जे होस् आवाजले उडान भर्नेहरूमा केही गायक गायिकाको मात्र नाम आउँछ । यहाँ गायक गायिकाको संख्याको हिसाबले हेर्ने हो भने त्यो गणना गर्न लायक संख्या होइन तर यहाँ संख्यात्मक भन्दा पनि चर्चात्मक र केही गुणात्मकताले आवाजको उडान भरिएको देखिन्छ ।

हामीले २०१६ मा आवाजको माध्यमले उडान भर्नेहरूको केही संख्यालाई लिएर रिपोर्टिङ तयार पार्दाको अवस्थामा भने औंलामा गन्ने नामहरू नै छन् । फाट्टफुट्ट विदेश जानेहरू धेरै होलान् तर आयोजकको नजरमै परेर चर्चाको आवाज सुनेर विदेश जानेमा भने सीमित गायक गायिकाको नाम अगाडि आउँछ ।

२०१६ को अवधिमा सबैभन्दा धेरै विदेश जानेमा भने राजेश पायल राई नै पर्छन् होला । अहिलेसम्म विदेश जाने क्रममा उनले ९ वटा पासपोर्ट फेरिसकेका छन् । उनले एमआरपी पासपोर्ट लिएपछि नै वर्षदिन नबित्दै नयाँ बनाउनु परेको बताउँछन् । अहिले तेस्रो पासपोर्ट लिन लागेका उनले हङकङ २४ पटक पुगिसकेका छन् भने साइप्रस, जापान, लण्डन, अमेरिका, बहराइन र यूरोपका सबै देश गरेर उनले सबैभन्दा धेरै उडान भरेका छन् । 'मिनी वर्ल्ड टुर' नामक सांगीतिक यात्रा पनि राईले २०१६ मै गरेका हुन् । 'राई इज किङ' भनेर चिनिने गायक राईले १८ वटा एल्बम बजार ल्याइसकेका छन् । उनको चर्चित गीतहरूकै फ्यानका कारण पनि विदेशको कार्यक्रममा रोजाइकै गायकमा पर्छन् भन्ने यसबाट पनि प्रष्ट हुन्छ ।

त्यस्तै आवाजकै उडान भर्नेमा अर्का चर्चित गायक हिमाल सागर पर्छन् । सांगीतिक यात्राकै क्रममा विदेशमा हुने कार्यक्रमहरूमा विदेशका २१ देश पुगिसकेका छन् हिमाल सागर । उनले पनि तेस्रो पासपोर्ट भरेर चौथौं बनाउने तयारीमा छन् । चर्चाका हिसाबले हिमाल सागरलाई पनि आवाजको उडान भराउन विदेशका आयोजकहरू सफल भएका छन् ।

त्यस्तै लोकप्रिय गायक रामकृष्ण ढकाल पनि २०१६ मा दर्जनभन्दा बढी देशमा उडान भरिसकेका गायक पर्छन । एल्बमका हिसाबले उनले १५ औं एल्बम बजारमा ल्याए पनि गायककीका हिसाबले उनलाई नारायण गोपालको पदचाप पछ्याउने गायकका रूपमा लिने गरिन्छ । चर्चाका हिसाबले अग्रपंक्तिमा रहेका गायक ढकालले पनि युरोपका पोर्चुगल, स्वीट्जरल्याण्ड, डेनमार्क, बेल्जियमलगायतका ७ देशमा सांगीतिक प्रस्तुति दिन भ्याए भने अमेरिका, जापान, थाइल्याण्ड जस्ता मुलुकमा पनि उनको उडान भर्ने काम भयो । सबैभन्दा बढी एकल गायन गरिसकेका ढकाललाई नरूचाउने दर्शक पाइँदैन ।

त्यसैगरी पछिल्लो पुस्तामा सेमीक्लासिकल गायनमा बढी रूचाइएका गायक शिव परियार पनि बढी विदेश घुम्ने गायकका रूपमा देखिएका छन् । उनले १३ वटाभन्दा बढी मुलुकमा सांगीतिक कार्यक्रम गरिसकेको बताएका छन् । पासपोर्ट हेरेर नै भन्नुपर्ने हुन्छ, अझै बढी पुगेको जस्तो लाग्छ उनी भन्दै थिए । क्या दामी भो, फेवातालमा साइली जस्ता चर्चित गीतहरूले उनलाई पनि आवाजको उडान भराइरहेको छ । उनी नयाँ वर्ष २०१७ का लागि भने जापानमा सांगीतिक कार्यक्रम गर्दैछन् ।

त्यस्तै गजल गायनमा बढी रूचाइने गायक आनन्द कार्की पनि आवाजको उडान भर्ने गायकका रूपमा पर्छन् । उनले पनि हङकङ, लण्डन, दुबई, मलेसिया, कतार, सिंगापुर, भुटान लगायतका दर्जनभन्दा बढी देशमा सांगीतिक कार्यक्रममा प्रस्तुति दिइसकेका छन् । एल्बमका हिसाबले १५ औं एल्बम बजारमा ल्याइसकेका गायक कार्की विदेशमा एकल शो गर्नेमा पनि पर्ने गर्छन् ।

त्यस्तै गायक प्रमोद खरेल पछिल्लो समय निकै चर्चाको शिखरमा रहेका गायक हुन् । स्टेज कार्यक्रमहरूमा उनको प्रस्तुतिलाई पछ्याउनेहरू धेरै युवा युवती नै छन् । यो वर्षको ओइ झुमा होस् वा उनको डुबायो पापी मायाले सबैभन्दा बढी चर्चायोग्य गीतहरूमा पर्छन् । यो वर्षको नम्बर वान रोयल्टी बुझ्ने गायकका रूपमा पनि आफू रहेका बताउने खरेल अमेरिकामा मात्र तीन चोटी गए । अमेरिकाको १२ वटा स्टेटमा आफ्नो सांगीतिक प्रस्तुति दिएका खरेलले करिब १३ देशको सांगीतिक उडान भरेका छन् । महिनाको ग्यापमा पीपी बनाउनु पर्ने अवस्था उनीभित्र पनि रहेको छ ।

गायिकातर्फ भने अन्जु पन्त, मिलन अमात्य, माण्डवी त्रिपाठी, मेलिना राई अग्रपंक्तिमा पर्छन् । अन्जु पन्त प्राय गरेर युरोप, लण्डनमै व्यस्त हुँदै आएकी छन् भने मिलन अमात्य मलेसिया, हङकङ, लण्डन, युरोप लगायतका मुलुकमा व्यस्त हुँदै आएकी छन् । त्यस्तै माण्डवी त्रिपाठी भने युरोपका १९ मुलुकको भ्रमण सकेर आएपछि भारत, हङकङजस्ता मुलुकमा आवाजको उडान भरिसकेकी छन् । त्यसैगरी मेलिना राई यो वर्ष नयाँ गायिका भएर पनि पुरानासँग प्रतिस्पर्धा गर्ने गायिकामा पर्छिन् । उनको कम्मरमाथि पटुकी गीत बजारमा आएपछि गायकीको पनि उत्तिकै चर्चा बढ्यो, उनले एकपछि अर्को गर्दै विदेशका आयोजकहरूले बोलाउन थाले । हङकङ, कोरिया, बहराइन, जापान लगायत ८ वटा देशहरूमा पनि उनको प्रस्तुतिले स्थान पायो ।

लोकदोहोरीतर्फ भने गायिका मुना थापा आवाजको उडान भर्नेमा अगाडि देखिन्छिन् । यतिखेर जापानमा कार्यक्रममा व्यस्त भएकी गायिका थापा र पशुपति शर्मा अग्रपंक्तिमा रहेका छन् । गायक बद्री पंगेनी ११ वटा मुलुकमा आवाजको उडान भर्न सफल भए भने रामजी खाँड, खुमन अधिकारीको विदेश यात्रा पनि चर्चाको शिखरमा रह्यो । लोकदोहोरीबाट फाट्टफुठ विदेश जानेको लिस्टमा भने विरही कार्की, विमल परियार, प्रकाश सपुत लगायतका गायक गायिका पनि पर्ने गर्छन् । गायिका सुनिता दुलाल, मन्जु पौडेल पनि विदेशमै आधा वर्ष बिताउने गायिकामा पर्ने गर्छन् भने गायिका राधिका हमाल, देवी घर्ती पनि आवाजको उडान भर्नमै देखिएका छन् । यी बाहेक गायक युवराज चौलागाईं, हेमन्त शर्मा, सुगम पोखरेल, गायिका सहिमा श्रेष्ठको पनि आवाजको उडानले केही देशको भ्रमण गराउन सफल भएको छ । विदेशको कार्यक्रममा व्यस्त हुने गायिका ज्योति मगर पनि विभिन्न कारणले चर्चामा रहिन् । नेपालमा हुने महोत्सवहरूमा व्यस्त हुनेहरू एकातिर छन् भने विदेशमा व्यस्त हुने अर्कातिर छन् । आम्दानीको हिसाबले विदेशको यात्रा सफल देखिएको छ भने भ्रमणको हिसाबले मस्ती पनि हुने हुँदा यसलाई अवसरका रूपमा समेत हेर्ने गरिन्छ ।

प्रस्तोता समाज नेपालको अनुरोध

गायक, गायिका एवम् प्रस्तोताहरुको रोयल्टी संकलन तथा वितरण कार्यलाई व्यवस्थित बनाउनका लागि विश्व बौद्धिक सम्पत्ति संगठन (WIPO) बाट उपलब्ध WIPOCOS Software यस सामाजले कार्यान्वयनमा ल्याइसकेको हुँदा सम्पूर्ण गायक, गायिका एवम् प्रस्तोताहरुलाई आफ्नो प्रस्तुतिको सम्पूर्ण विवरण यस समाजको कार्यालयमा उपलब्ध गराउन तथा रोयल्टी संकलन गर्नका लागि यस समाजसँग सम्झौता गर्न अनिवार्य भएकोले यस समाजको सदस्यता लिन, नविकरण गराउन तथा सम्झौता गर्न बाँकी रहनुभएका गायक, गायिका एवम् प्रस्तोता सदस्यहरुलाई यथासक्य छिटो सदस्यता सम्बन्धी सम्पूर्ण प्रक्रिय पूरा गरिदिनुहुन सूचित गरिन्छ ।

प्रस्तोता समाज नेपाल
PERFORMERS SOCIETY OF NEPAL
(PSN)

अनामनगर, काठमाडौं,
फोन: ०१-४२४५७४२
इमेल: performersnepal@hotmail.com
वेभ: www.performersnepal.org.np

www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Bi-weekly Magazine पाक्षिक



राजेश हमालसँग म्यूजिक ब्याण्डको कथा

# "फेरि त्यो दिन आए हुन्थ्यो"

एउटा जमाना थियो म्यूजिक क्षेत्रमा 'ब्याण्ड' को ठूलै चर्चा हुन्थ्यो । ब्याण्डहरूले सांगीतिक क्षेत्रमा ठूलो प्रस्तुति दिइरहेका हुन्थे, गीतहरू पनि उत्तिकै चल्ने गर्थे । तर म्यूजिक ब्याण्डमा लाग्नेहरूलाई 'ट्यापे मुन्द्रे ग्याङ' भन्दै बाटोमा जम्मा भए गिटार बजाए हल्ला गरे भन्नेहरू पनि हुन्थे । तर देशदेखि विदेशमा म्यूजिक ब्याण्डले बजार लिइरहेको थियो । तत्कालिन समयमा परिवेश, कन्दरा, नेपथ्य, क्रसरोड, इन्फुलेन्स, वकिली, १९७४ एडी जस्ता ब्याण्डहरूको चर्चा थियो ।

त्यही ब्याण्डको भीडमा 'मेसेन्जर ब्याण्ड' पनि आफूलाई स्थापित गर्दै थियो । २०५२ सालमा मेन भोकालिस्ट राजेश हमालको नेतृत्वमा मेसेन्जर ब्याण्ड खडा भएको थियो । जसमा तुलसी श्रेष्ठ, गीताराम कर्माचार्य, निर्मल रानामगर, समिर हमाल, सञ्जय शाही, दिल लामाको टिम थियो । त्यतिबेला कलेजहरूमा हुने प्रोग्राममा मेसन्जर ब्याण्ड पपुलर थियो । आर आर, पिपुल्स, पब्लिक क्याम्पसहरूमा यो ब्याण्डले धेरै कन्सर्टहरू गरेको थियो ।

कसरी सुरू भयो त मेसेन्जर ब्याण्ड भन्नेमा निकै रोचक छ । जतिबेला टोलका दाइहरूले गीतार बजाउँथे, म पनि सँगसँगै प्रोग्रामहरूमा बजाउने र गाउने गर्थे । टोलकै साथीहरूसँग सल्लाह भयो, एउटा ब्याण्ड खडा गरौं भन्ने भयो । ७ जनाको टिममा ब्याण्ड खडा गरियो । हामीहरूलाई टोलमा हल्ला गर्ने हिसाबले हेर्थे तर हामी भने एउटा सांगीतिक टोली बनेर देशमा कार्यक्रम गर्ने, एउटा ब्याण्डलाई स्थापित गर्ने सोचमा थियौं । त्यतिबेला ब्याण्ड भर्खर राइजमा आएका थिए तर हाम्रो ब्याण्ड भर्खर सुरूवातमा थियो । हामीलाई कार्यक्रमकै लागि बोलाउन त हामी पनि चर्चामा आउनु पर्‍यो । त्यो अवस्था थिएन त्यसैले हामी मुड अनुसार कन्सर्ट गर्थ्यौं । कहिले चोक चोकमा कन्सर्ट गरिन्थ्यो । त्यो बेला बिना सूचना ड्रमसेट बाटोमै राखेर पनि बजाइन्थ्यो । राति अबेरसम्म पनि चोकमा कन्सर्ट गर्दा घरका वरिपरिका बासिन्दा रिसाउने पनि गेर्थे । तर पछि त्यसलाई व्यवस्थित गर्दै गयौं । हामी चिनिन पनि थाल्यौं, कार्यक्रम पनि पाउँदै गयौं त्यसपछि ३-४ महिनामा एकचोटी चोकमा रमाइलो भने गर्ने गर्थ्यौं ।

ब्याण्ड स्थापना भएपछि हामीले देशभित्र पनि धेरै ठाउँमा कन्सर्टहरू गर्‍यौं । मुलुकभित्रका पोखरा, दोलालघाट, बाह्रबिसे काभ्रे विराटनगरमा कार्यक्रम लिएर हिडियो । विदेशमा भने दुबई, मलेसिया, हङकङ, जापानसम्म हामीले आफ्नो प्रस्तुति देखायौं । सबैले रूचाउन थाले, हामी पनि सफलताको बाटोमा हिंडेको जस्तो लाग्यो ।

तत्कालिन समयमा हामीले कार्यक्रमहरू गर्थ्यौं तर पारिश्रमिक भने १ हजारदेखि १५ सय मात्र हुने गर्थ्यौं ब्याण्डका लागि । चलेको ब्याण्डले केही रकम माथि पाउँथे तर अवस्था भने त्यति सुध्रिएको थिएन । अहिलेको माहौल सुध्रियो राम्रो पारिश्रमिक पाइन्छ त्यतिबेला गीत रेकर्ड १ रूपैयाँमा हुन्थ्यो । मेसेन्जर ब्याण्ड पनि सैलुङ्गे लेकैमा, मेसेन्जर भोल-२, मेसेन्जर ब्याण्ड-३ 'माया देउ', मेसेन्जर ब्याण्ड-४ 'तिम्रो यादले' जस्ता एल्बम बजारमा ल्यायो । मेरो स्वरमा ब्याण्डको टोली अगाडि बढ्दै थियो । करिब ९ वर्षजति ब्याण्डको काम अघि बढिरह्यो । ब्याण्डमा मात्र लागेर नहुने रहेछ भन्दै साथीहरू कोही अन्य पेशा अँगाल्न थालें भने कोही विदेशतिर जान थाले । म भने ब्याण्डमा सक्रिय नै रहिरहेको थिएँ । मेरो समकक्षी सञ्जीव प्रधान, मोहन भुसालहरूको गीत चर्चामा थिए ।

त्यतिखेरको माहौल निकै रमाइलो लाग्थ्यो । एउटा ब्याण्डमा रहेर सांगीतिक प्रस्तुति दिंदै हिंड्दा सबैले राम्रो प्रशंसा गर्ने गर्थे । रमाइलो दिन थियो, अहिले फेरि त्यो दिन आए हुन्थ्यो लाग्छ । त्यो रमाइलो क्षण, जवानी अवस्था, सबैको हाइहाइ हुँदा साथीभाइसँग रमाइएको क्षणले सताउँछ ।

ब्याण्डका सबै साथीहरू अहिले जुट्न गाह्रो छ । कोही विदेश गए, कोही विजनेशमा लागे, सबै आ-आफ्नो करिअरतिर लागे । फेरि त्यो दिनजस्तै जुटेर काम गर्ने इच्छा छ मलाई पनि । अहिले मसँग समीर हमाल र रविनराज भण्डारी मात्र छन् । ब्याण्डसहित बस्ने माहौल मिलेको छैन तर एक्लै गाउने काम भने गरिरहेको छु ।

गत वर्ष मात्र बजारमा ल्याएको गीत 'कट्दैन चिसो रात'ले राम्रै सफलता पायो । जुन गीतले म्यूजिक खबर म्यूजिक अवार्ड, क्यापिटल नेशनल अवार्ड समेत चुम्न सफल भयो । सर्वोत्कृष्ट पप गायकको अवार्डबाट मैले अवार्ड चुम्ने अवसर पाएँ । जसले मलाई पुनः गायनमा सक्रिय बनाउन उर्जा मिलेको छ । अहिलेको अवस्था गीतसंगीतको अवस्था डिजिटल प्रविधिमा गएको हुँदा अडियोको बजार नभए पनि भिडियोतर्फ भने ठिकै छ । अहिलेसम्म संगीतले नै बचाएको छ । गाउनुको अलावा विभिन्न सांगीतिक इभेन्टहरूमा पनि संलग्न रहँदै आएको छु । जसले मलाई सांगीतिक जीवनमा सक्रिय गराइरहेको जस्तो लाग्छ ।

*- सुमन बैरागीसँगको कुराकानीमा आधारित*



















रञ्जिता गुरूङ, म्यूजिक भिडियोको दुनियाँमा चर्चित नाम हो । थालाजुङ-२, गोर्खामा जन्मिएकी मोडल गुरूङले करिब ३५०० भन्दा बढी म्यूजिक भिडियोमा अभिनय गरिसकेकी छिन् । प्राय गरेर लोकदोहोरीको क्षेत्रमा महिला मोडल रोज्नुपर्दा पहिला उनको नाम नै लिइने गरिन्छ । मोडल क्वीनकै रूपमा म्यूजिक भिडियोमा लिइने गरिएता पनि गुरूङ अलि चुजी मोडलको रूपमा पर्ने गर्छिन् । गीत र म्यूजिक भिडियोमा खेल्ने पुरूष पात्रको रूपमा राम्रोसँग बुझेर मात्र म्यूजिक भिडियोमा आफूलाई प्रस्तुत गर्ने गुरूङले खेलेका प्राय म्यूजिक भिडियो चर्चामा नै रहेका छन् । त्यसो त उनले अभिनय गरेको चलचित्र गोर्खा पल्टनले नेपाली चलचित्र उद्योगमा करोडौंको व्यापार गर्न सफल भएको थियो । दशगजा, वडा नं. ६, जंगबाज जस्ता आधा दर्जन चलचित्रमा अभिनय गरिसकेकी नायिका एवं मोडल गुरूङले गुरूङ भाषाको चलचित्रमा पनि आफूलाई प्रस्तुत गरिसकेकी छन् ।

२०७३ पुष १ देखि १५ सम्म
www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Bi-weekly Magazine पाक्षिक

रञ्जिता गुरूङ
मोडल
तस्वीरः नवीन बाबु गुरूङ
स्क्रिन नेपाल

## फिल्मी खबर

### राधेको फस्टलुक !




एक्शन स्टार निखिल उप्रेतीको फिल्म 'राधे'को फर्स्टलुक पोस्टर सार्वजनिक भएको छ । निर्माता सुशिल पोख्रेलले फिल्मीखबर मार्फत फिल्मको पोस्टर सार्वजनिक गरेका हुन् । सार्वजनिक दुई पोस्टरमा नै निखिललाई एक्शन अबतारमा नै प्रस्तुत गरिएको छ । नयाँ बर्षको छेकोमा आउँदो बैसाख १ मा रिलिज घोषणा गरिएको फिल्मको पहिलो प्रचार सामग्री बाहिर ल्याईएको हो ।

फिल्मलाई जगदिश्वर थापाले निर्देशन गरेका छन् भने कथा लेखन पनि निर्देशक थापाकै छ । 'राधे'मा निखिलसँगै प्रियंका कार्की, अशिस्मा नकर्मी, प्रमोद अग्रहरी, सलोन बस्नेत र शिशिर भण्डारी लिड अभिनयमा छन् ।

### श्रीकृष्णको जन्मदिनमा घर आँगनलाई डेढ लाख




अभिनेत्री श्वेता खड्काले नायक श्रीकृष्ण श्रेष्ठसँग ०७१ साल असार २३ गते विवाह गरिन् । तर दुर्भाग्य उनले एक महिना पनि उनको नामको सिन्दुर पोते लगाउन पाइनन् । उपचारको क्रममा आफु भन्दा बढी माया गर्ने पती श्रीकृष्णलाई उपचारको क्रममा ०७१ सालकै साउन २४ गते गुमाउन पुगिन् ।

पति वियोगको ठुलो शोकबाट श्वेता लामै समय विक्षिप्त बनिन् । समय बित्दै जाँदा उनले यतिबेला आफूलाई सम्हाल्दै गएको देखिन्छ तापनि उनको मनको अन्तरकुन्तरबाट श्रीकृष्णलाई नै सम्झिरहेकी हुन्छिन् ।

केहि दिन अगाडि मात्र उनले कार्यकक्षमा श्रीकृष्णको फोटो सजाएर आफ्नो पुरानो काममा फर्किएकी थिइन् । यतिबेला उनले श्रीकृष्णलाई नै सम्झिदै घरआँगन नेपाल नामक सामाजिक संस्थालाई साढे एक लाख रूपैयाँ सहयोग गरेकी छिन् । आफ्ना दिवंगत पति श्रीकृष्ण श्रेष्ठको जन्मदिन पारेर पुस १४ गते बिहीबार उनले सामाजिक कार्यमा सक्रिय सो संस्थाका अध्यक्ष दीपक सिलवाललाई चेक हस्तान्तरण गरेकी हुन् । श्वेताले पति श्रीकृष्णले आफ्नो जन्मदिनमा समाज सेवाको कार्य गर्ने गरेको स्मरण गर्दै उनकै चाहनालाई निरन्तरता दिएको बताइन् ।

**एकै छातामुनी**

- –अडियो/भिडियो
- –कभर डिजाइन एण्ड प्रिन्टिङ
- –डविङ एण्ड प्याकिङ
- –मिडिया प्रमोशन
- –विमोचन कार्यक्रम

**शुभकामना मिडिया सोलुशन**
पुतलीसडक, काठमाडौं ०१-४०१०५४५

# निर्माता संघमा आकाशको नेतृत्व



म्यूजिक खबर

चलचित्र निर्माता संघको १४ औ साधारण सभाको चुनावी अधिवेशनबाट निर्देशक एवं निर्माता आकाश अधिकारीको नेतृत्वमा नयाँ कार्यसमिति चयन भएको छ । अधिवेशनमा अध्यक्ष पदमा निर्माता आकाश अधिकारी निर्विरोध विजयी भएका हुन् । पुष १५ गते भएको अधिवेशनमा अधिकारीको नेतृत्वमा ११ सदस्यीय कार्यसमिति चयन गरिएको हो ।

संघको उपाध्यक्ष पदमा गोविन्द शाही र माधव वाग्ले निर्विरोध भएका छन् । त्यसैगरी महासचिवमा निर्माता रोज राणा, सचिवमा छविराज ओझा, कोषाध्यक्षमा सुशिल पोखेल निर्विरोध विजयी भएका छन् ।

सदस्य पदमा पनि ९ जना निर्विरोध नै भएका छन् । जसअनुसार करिश्मा मानन्धर, रोहित अधिकारी, अर्जुन कुमार, निकिता पौडेल, दीपेन्द्र के. खनाल, भानुप्रताप, दीपकराज गिरी, चेतन सापकोटा, रौनक विक्रम कँडेल निर्विरोध विजयी भएका हुन् ।

निर्माता केशव भट्टराइलाई भने वरिष्ठ उपाध्यक्ष पदमा ल्याइने भएको छ । अधिवेशनकै अवसर पारेर विधान संसोधन गरि वरिष्ठ उपाध्यक्ष पद थपिएको हो भने सदस्य संख्या ११ जना पुऱ्याइएको थियो । विधान संसोधनपछि निश्चल बस्नेत र सुशान्त श्रेष्ठलाई सदस्य पदमा ल्याइने बताइएको छ । यस्तै, अन्य २ जना सदस्यलाई नयाँ कार्यसमितीले मनोनित गर्ने भएको छ ।

चलचित्र निर्माता संघमा सधैं चुनावी लफडा भएको पाइए तापनि यस पटक भने सबै पदमा सर्वसम्मत भएर निर्माताहरू एक छन् भन्ने सन्देश फैलाएको छ । संघको नयाँ कार्यसमितिले बक्स अफिस र शेयर प्रतिशतलाई मुख्य एजेन्डा बनाउने र निर्माताहरूको हक हितका लागि काम गर्ने अध्यक्ष आकाश अधिकारीले बताएका छन् ।

# अब कस्तो बन्ला मुसहर बस्ती !



म्यूजिक खबर

मुहर बस्ती बनाउन हाँस्य कलाकार सीताराम कट्टेल 'धुर्मुस' महोत्तरीको बर्दिबास मुसहर बस्तीकी एक सय पाँच बर्षीया मरनी सादा पौष १२ गते मंगलबार विहानै देखि खुशी थिइन् । बिहानै देखि उनी बाटो कुरेर बसेकी थिइन् । धुर्मुस आएपछि हातमा राखेको माला र अविर उनलाई लगाई दिएइन् । मरनी बसौंदेखि बाख्रा बाँध्ने खोरमै सुत्दै आएकी छीन् । कठ्यांग्रिदो जाडोमा भूइमै पराल ओछ्याएर र बोरा ओढेर रात काट्दै छिन् । मरनीले धुर्मुसलाई भेटेपछि निकै खुशी हुदैं भनिन्– 'हाम्रो हाम्रो त जीवनै बर्बाद भएको थियो । घर बनाउन लाग्नु भयो खुशी लाग्यो । ल बाबु ठूलो मानिस बन्नु, यो बुढी आमाको अशिर्वाद छ ।

मुसहर बस्ती बनाउन धुर्मुस मुसहर बस्ती आउने खबरले बर्दिबासका मुसहर बस्तीका स्थानीयहरू ज्यादै हर्षित थिए । धुर्मुस आउँदैछन् भनेपछि बिहानै दाउरा लिन जंगल पुग्ने मुसहरहरू मंगलबार धुर्मुसको स्वागतमा बसेका थिए । केहीले छिमेकीको आँगनबाट फूल टिपेर ल्याए, केही माला उने । केही बस्ती सरसफाइमा जुटे । कोही 'धुर्मुस सर हजुर कता आइपुग्नुभयो ?' भनेर बस्तीका अगुवाहरू बस्तीका स्थानीययलाई जानकारी गराईरहेका थिए । धर्मुसको प्रतिक्षामा बसेका मुसहरहरूको सामुन्ने धुर्मुस पुगेपछि उनीहरू खुशीले गदगद् भए । मुसहर बस्तीको माहौल रोमाञ्चक बन्यो । मुसहरहरूले खुशी भएर धुर्मुसको गलामा माला र निधारमा टी लगाएर खुशी व्यक्त गरे ।

धुर्मुस–सुन्तलीको पहलमा बस्ती भित्र तीन पुस्तापछि पानी पुगेको भन्दै स्वागतमा धाराबाट ल्याएको पानी खुवाउँदै खुशियाली साटे । मुसहरले धुर्मुसलाई मुसहरहरूले घर -घर घुमाए । धुर्मुस –सुन्तलीले मुसहरको घर बनाइ दिने घोषणा गरेपछि बर्दिबासका ५० घरधुरीका दुई सय सत्तरी जना मुसहरमा खुशियाली छाएको छ । धुर्मुस–सुन्तली फाउण्डेसनका अध्यक्ष उनी बस्तीको पहिलो चरणको निर्माण कामको लागि काठमाँडौंबाट बर्दिबास पुगेका थिए । स्थानीयको स्वागतले अफूहरूलाई काम गर्न हौसला बढाएको बताउँदै 'मुसहर बस्तीबाट मानवता र सद्भावका लागि सहकार्य गर्दै विकासका लागि मुल फुटाउन खोजेको बताए । मुसहर बस्तीबाट देशभरी नै समानतको र सद्भवको सन्देश जानेछ । सबै तिरका विभिन्न पीडामा मलहम पट्टी लगाउने अभियानको थालनी हुने कुरा म विश्वस्त छु, उनले भने, 'हामी सबै खटिएमा देश अवश्य बन्छ ।'

उनले राष्ट्र निर्माण आफुहरूको अभियानलाई आत्मसात गर्दै सबै जना एकताको सूत्रमा बाँधिएर देश विकासमा लाग्नु पर्ने बेला आएको बताए । राजनीतिक नारा लिएर धेरै पटक सडकमा आयौं । एक पटक विकासको नारा लिएर सबै जना गाउँ गाउँ पसौं । दुई बर्षमै देशमा कायापलट हुन्छ ।' चार करोड ७८ लाखको लागतमा मुसहर बस्ती निर्माण कार्य हुँदैछ । मुसहर हरूलाई नयाँ बर्षमा नयाँ घर उपहार स्वरूप दिने योजना सहित धुर्मुस–सुन्तली फाउण्डेसनले काम अगाडि बढाएको छ ।





# मलाई लोकदोहोरी गायिका भन्नमा गर्व लाग्छ

**पछिल्लो पटक एउटा गीतमा उहाँहरुले मलाई गाउन बोलाएर अरुलाई नै गाउन लगाउनुभएको फेला पारेँ त्यसपछि नगाउने बाचा गरेको थिएँ । तर पानी बाराबार भने भएको छैन, उहाँले प्रतिष्ठानकै चुनावमा पनि मलाई सचिव बनाउन कसरत गर्नुभयो । देशविदेशमा सँगै स्टेजमा हुँदा क्याम्पस पढ्न आउनी जस्ता गीतहरु अफर आउँछ र सँगै गाउँछौं पनि ।**

## राधिका हमाल, गायिका

**देउडामा राम्रो चल्न थालेपछि लोकदोहोरीतर्फ प्रवेश गर्नुभएको हो ?**

त्यस्तो होइन, म लोकदोहोरीमा प्रवेश गरेपछि नै देउडातिर चल्न थालेको हुँ । देउडामा पनि मेरो राम्रै चर्चा भयो । गीतसंगीतको पहिलो स्थान मलाई लोकदोहोरीले नै दिएको हो । दुःखै दुःख बोलको गीतबाट मैले प्रवेश गरेको हुँ तर मेरो गायनयात्रामा भने अहिलेसम्म सुखै सुखको महशुष गरेकी छु ।

**अहिलेसम्म कति गीतमा स्वर दिनुभयो ?**

संख्यात्मक हिसाबले मैले ५ हजारभन्दा माथि गाइसकेको छु ।

**गायनकै क्षेत्रमा पछिल्लो समय प्रतिस्पर्धा निकै देखिन्छ कसरी प्रस्तुत हुनुभएको छ ?**

प्रतिस्पर्धा हुनु राम्रो कुरा हो । तर प्रतिस्पर्धाकै रूपमा कसैले कसैलाई हेर्नुपर्ने अवस्था भने म देख्दिनँ । किनकी आ–आफ्नो पनमा गीत गाउने हो, आफ्नै शैली हुन्छ सबै गायिकाहरूको पनि । आफ्नो शैलीमा गाउँदा कसैसँग प्रतिस्पर्धा भएको जस्तो मलाई लाग्दैन ।

**तपाईं त मेला महोत्स्वमा दर्शकलाई उचाल्ने खालको गीत गाउनुहुन्छ रे नि ?**

हो, दर्शक नै हाम्रो पहिचान हुन् तर म माहौल तताउने क्रममा छाडा गीत गाउन भने चाहन्नँ । लोकदोहोरी भन्ने वित्तिकै नराम्रो तरिकाले प्रस्तुत हुनु हुँदैन भन्ने लाग्छ र मेरा गीतहरू प्राय गरेर स्टेजका लागि मान्य हुने नै छन् । स्टेजमा म उक्लिएपछि मेरा फ्यानहरूले मेरो स्वर र गायकीमा मजा लिन थाल्छन् ।

**देश विदेशका महोत्सवमा गाउन जाँदा आयोजकको नजिक बर्नुपर्छ भन्छन् नि ?**

आयोजकको नजिक बनेर हामीलाई कुनै पनि सांगीतिक कार्यक्रम गर्नु छैन बरू आयोजकले हाम्रो डिमाण्डलाई स्वीकार गर्नुपर्छ । हामी त चलेका कलाकार हौं कुनै आयोजकका लागि नजिक बनेर कार्यक्रम हात पार्नु छैन । नचलेका भन्दैमा पनि आयोजकले भनेकै सबै मान्नुपर्छ भन्ने छैन । कलाकारले आफ्नो स्थान बनाउन अडान पनि लिन सक्नुपर्छ । आयोजकको पाउ मोल्दैमा आफ्नो करिअर चल्दैन बरू करिअरमा दाग लाग्छ ।

**लोकदोहोरीमा त छाडापन भयो, विकृति आयो भनिन्छ नि ?**

पछिल्लो समय लोकदोहोरीमा धेरै विकृति आएको छ । हामीले विकृतिलाई रोक्ने अभियान पनि चलाएका छौं । अब हामी नै सचेत भएनौं भने योभन्दा धेरै विकृति आउँछ । मौलिकता हराउनु एकातिर छ भने अर्कोतिर जथाभावी शब्द सिर्जना गर्ने कामले पारिवारिक रूपमा सुन्न पनि गाह्रो हुँदै गयो । राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानको म एउटा सचिव मात्र होइन म एउटा गायिका पनि हुँ, त्यसैले मैले कुन गाउने कुन नगाउने भन्ने कुरामा शब्द हेर्नु जरूरी छ । हामीले त्यो अभियान अन्तर्गत ३–४ वटा गीत त रोकि पनि सकेका छौं । लोकको पहिचान मेटाउने खेलले हामीलाई नै असर पुऱ्याउँछ ।

**दोहोरी गाउँदा चाहिँ किन ल्याउने लाने कुरा मात्र धेरै हुन्छ ?**

त्यो परिवेश हेरेर गाउनुपर्ने हुन्छ । तर ल्याउने र लाने भन्नेमै लोकदोहोरी सीमित हुनुहुन्न । हामी समाज बदल्ने पात्रका रूपमा चिनिन्छौं भने हामीले सभ्य गीत गाउनुपर्छ । मेरो म्यूजिक बैंक स्टुडियोमा रेकर्ड हुन आएका गीतलाई पनि सेन्सर गर्ने गरेको छु । छाडा शब्द आउनेवित्तिकै सच्याउन लगाउँछु ।

**आधुनिक गाउनेलाई चाहिँ गायिका मात्र भन्ने लोकदोहोरी गाउनेलाई चाहिँ लोकदोहोरी गायिका भन्ने गर्दा तपाईंलाई कस्तो लाग्छ ?**

मलाई त लोकदोहोरी गायिका भन्दा नै गर्व लाग्छ । पहिला सबैलाई गायिका मात्र भनिन्थ्यो तर लोकदोहोरी गायिका भन्ने प्रचलन हामीले नै ल्याएका हौं । आधुनिक गायिका भनेर भन्ने प्रचलन पनि त छैन तर पनि हामी एउटा लोकले मन पराउने गीत गाउने भएपछि आफ्नो पहिचान पनि लोकसँग नै जोडिएको हुन्छ । त्यसैले लोकदोहोरी गायिका भन्नुमा नै हाम्रो पहिचान हुन्छ जस्तो लाग्छ ।

**लोकगीत जति चर्चित भए नि आधुनिक गायक गायिकाको तुलनामा लोकदोहोरी गायक गायिका कम लोकप्रिय बन्छन् नि ?**

मलाई त त्यस्तो लाग्दैन । आधुनिक गायनलाई मन पराउने र लोकदोहोरीलाई मन पराउने छुट्टै छन् । मेरो गीतकै कुरा गर्ने हो भने ढल्क्यो जवानी होस् क्याम्पस पढ्न आउनी पूर्वदेखि पश्चिमसम्म सबैले मन पराउनुभएको गीत हो । कुनै बेला झापाको कार्यक्रममा जाँदा मेरा गीतलाई वान्स मोर भनेर मैले पुनः गाउनुपरेको थियो । अब पूर्वमा लोकदोहोरी सुन्दैनन् भन्ने हो भने किन त्यस्तो भयो त ? दर्शकको रोजाईमा कहिले आधुनिक पर्ला त कहिले लोकदोहोरी ।

**लोकदोहोरी गायिका मात्र भएर हिंड्ने कि भर्सटायल गायिका पनि बन्ने ?**

अब सबै प्रकारका गीत गाउने सोचमा छु । मैले लोकदोहोरीमा पनि फरक फरक फ्लेबरका गीत गाएको छु । लोकपप, पपतर्फ पनि गाउन सक्छु तर मेरो पहिचान बनेको लोकदोहोरीमा नै म रमाउँछु ।

**तपाईंलाई गायिका बनाउनमा कसको हात छ ?**

पहिला त मेरो सरकार कृष्ण पुनकै हात छ भन्नुपर्छ । उहाँसँग नै सांगीतिक सहकार्य गर्दै गर्दा आज म यो ठाउँमा छु । तर विहेपछि मेरो जेठाजू इन्द्र पुनले पटक पटक तिमी गायिका बन्नुपर्छ भनेर काठमाण्डौ पठाउनुभयो । त्यसले गर्दा पनि मलाई पारिवारिक रूपमा सहज भयो । प्रेरणाकै रूपमा लिने हो भने नारायण रायमाझीलाई भुल्न हुँदैन ।

**तपाईंको विहे चाहिँ लभ म्यारिज हो ?**

आधा लभ, आधा एरेन्ज हो । पहिला हामी संगीतकै काममा भेट भएको थियो । पछि केही लभ पर्दै थियो अनि पारिवारिक रूपममै मागी विहे गरेका हौं ।

**कुनै सांगीतिक जोडीका रुपमा जमेको पशुपति शर्माको जोडी अहिले राधिकासँग छैन नि ?**

हामी दुईजनाले गाएको क्याम्पस पढ्न आउनी तथा केहि तिजका गीतहरू धेरै चले । त्यसले गर्दा पनि पशुपतिजी र मेरो जोडीजस्तै भएको थियो, देश विदेशमा पनि हामीलाई बोलाइन्थ्यो । त्यतिखेर प्राय आशिष म्यूजिकको लगानीमा हामीले धेरै गीत गाएका थियौं तर पछिल्लो पटक एउटा गीतमा उहाँहरूले मलाई गाउन बोलाएर अरूलाई नै गाउन लगाउनुभएको फेला पारेँ त्यसपछि नगाउने बाचा गरेको थिएँ । तर पानी बाराबार भने भएको छैन, उहाँले प्रतिष्ठानकै चुनावमा पनि मलाई सचिव बनाउन कसरत गर्नुभयो । देशविदेशमा सँगै स्टेजमा हुँदा क्याम्पस पढ्न आउनी जस्ता गीतहरू अफर आउँछ र सँगै गाउँछौं पनि ।

**तपाईंलाई मन पर्ने गीत चाहिँ कुन हो ?**

मेरो आफ्नै गीत माता भवानी ढल्क्यो जवानी सबैभन्दा बढी मन पर्छ । जुन गीतले मलाई नेपालमा मात्र नभएर सिक्किम, दार्जिलिङ्लगायत विदेशमा चिनायो ।

**नयाँ आउने प्रतिभालाई के भन्नुहुन्छ ?**

सिकेर आउनुस्, बुझेर आउनुस् । भोलिको यो संगीत उद्योगले आशा गरेको गायक, गायिका बनेर आउनुस् । सबैले वाहीवाही गर्ने अवस्था सिर्जना होस् । हामीभित्र हतोत्साही हुने बानी छ, छिट्टै प्रतिफलको आशा गर्ने गरिन्छ । पहिला लगानी गर्नुपऱ्यो, मेहनत गर्नुपऱ्यो त्यसपछि बल्ल प्रतिफल प्राप्त हुनेछ । त्यस्तै लोकदोहोरीमा विकृतिमुक्त बनाउँदै अग्रजको सम्मान र अनुजलाई प्रोत्साहन दिँदै संस्कारयुक्त लोकदोहोरी बनाउन आउनुहोस् । हाम्रो सम्मान र संस्कारले हामीलाई नै सबैको प्रिय बनाउनेछ ।

*प्रस्तुतिः सविता पोखरेल*




# गीतसङ्गीत सुनेर मज्जा लिन्छु

**गाउन नआए पनि सुनेर आनन्द लिन मन लाग्छ संचालक शाहीले भने विदेशी भाषाका गीतहरु पनि सुन्ने गर्छु । गीतसंगीत भनेको सबै देशका सुन्नुपर्छ जस्तो लाग्छ मलाई । हाम्रो पहिचान नेपाली गीतसंगीत हो भने विदेशी गीतसंगीतले पनि हामीलाई उर्जा मिल्छ, उनले भने ।**

म्यूजिक खबर

दुर्गा बहादुर शाही पेशाले होटल व्यवसायी हुन् । होटल म्यानेजमेन्टका विद्यार्थी उनले नेपालमा अध्ययनपछिका दिनहरू जागिर खोज्दैमा बिताए । तारे होटलको जागिरको सपनामा दौडिँदै गर्दा आफ्नो अनुभव र पढाइ अनुसारको जागिर नपाएपछिका दिनहरू उनको मानसपटलमा ताजै छन् । तारे होटलमा जागिरका लागि धाउँदा ३ हजारभन्दा धेरै तलब नपाउने भएपछि उनको मनलाई नेपालमा आफ्नो लागि रोजगार नभएको जस्तो महसुस भयो । नेपालमै होटल म्यानेजमेन्ट र हस्पिटालिटी सम्बन्धि अध्ययन गरेका शाहीले विकल्पमा वैदेशिक रोजगारी नै सम्झिए । समयले उनलाई अमेरिकाको बाटोतर्फ डोऱ्यायो ।

स्वदेशमा दक्ष कामदारहरूका लागि अवसर नमिल्ने र क्षमताको कदर नहुने भएपछि उनले अमेरिकाको यात्रालाई आत्मसात गर्न पुगेको बताए । तर उनको सोचाइ भने विदेशमै रमाएर हराउने भने कत्ति पनि थिएन । अमेरिकामा पुगेर उनको पहिलो साच न अध्ययन भन्दा पैसा कमाउनुतिर थियो । म्याग्दी राखु पिप्लेमा जन्मिएका दुर्गा बहादुर शाही करिब ६ वर्षसम्म अमेरिकाको बसाइपछि पुनः नेपाल फर्किएका छन् । आफ्नै लगानीमा काठमाडौंको म्याग्दी चोकमा घर निर्माण गरेपछि भाडामा लगाएका शाहीले यतिबेला भने आफ्नै लगानीमा 'आँगन होटल प्रा.लि. संचालनमा ल्याएका छन् । अमेरिकाको बसाइपछि बनाइएको घर होटलका लागि भाडामा दिँदा दिँदै घर बिग्रने भएपछि आफैँले संचालन गर्ने सोचमा पुगेको बताउँछन् । अरूलाई भाडामा दिँदा पटक पटक बेचिने र साहु फेरिँदा घर बिग्रिँदै गएपछि उनले यस्तो निर्णय लिएका हुन् । विशेष गरी लाहुरेका लागि होटल आँगन संचालनमा ल्याएका शाहीले पर्यटकीय होटलका रूपमा म्याग्दी चोकमा परिचित गराउने सोचमा छन् । काठमाडौंको भीडभाडमा धेरै होटल संचालन भएपनि नयाँ वसपार्क वरिपरि पर्यटक र विशिष्ट पाहुनाका लागि होटल नभएको हुँदा होटल आँगन त्यसका लागि उपयुक्त हुने उनले बताए ।

आफैं होटल म्यानेजमेन्टको विद्यार्थी भएका कारण होटल आँगनलाई विशेष लाहुरेको लागि बस्नयोग्य वातावरण दिने उनले बताए । २४ सैं घन्टा तातो चिसो पानी, प्रत्येक कोठामा टेलिफाने र टीभीको सुविधा, एटेज बाथरूप भएका आरामदायी कोठाहरू र सफा खानाका परिकारहरूसहितको आँगन होटल भएको उनले बताए । दुर्गासँग पवित्रा कुमारी शाही पनि संचालक रहेको उक्त होटल म्याग्दी चोकका लागि नमूना होटल बनाउने सोच उनको रहेको छ ।

म्याग्दीको गाउँमा जन्मिएका कारण पनि उनको गीतसंगीतप्रतिको लगाव बढी नै पाइन्छ । लोक, आधुनिक, पप गीतहरूमा उनको बढी ध्यान जाने गरेको छ । गीत सुनेर नै आनन्द लिने उनी गाउँदेखि नै नाचगान र रमाइलो गर्नमा सौखिन थिए । गाउन नआए पनि सुनेर आनन्द लिन मन लाग्छ संचालक शाहीले भने विदेशी भाषाका गीतहरू पनि सुन्ने गर्छु । गीतसंगीत भनेको सबै देशका सुन्नुपर्छ जस्तो लाग्छ मलाई । हाम्रो पहिचान नेपाली गीतसंगीत हो भने विदेशी गीतसंगीतले पनि हामीलाई उर्जा मिल्छ, उनले भने ।

## आङ गेलुको घर मेरो सोलु



**म्यूजिकखबर** । गायक आङ गेलु शेर्पाको पछिल्लो गीतिसंग्रह घर मेरो सोलु सार्वजनिक भएको छ । म्यूजिक भिडियोलाई प्रमुख अतिथि लाक्पा शेर्पाको हातबाट सार्वजनिक गरिएको थियो । संगीत कला पत्रकार संघका अध्यक्ष सुमन बैरागीको सभापतित्वमा भएको उक्त कार्यक्रममा गायक रोज मोक्तान, निर्देशक एवं संचारकर्मी लाक्पा शेर्पा लगायतको उपस्थिति रहेको थियो ।

म्यूजिक भिडियो सार्वजनिकपछि बोल्दै प्रमुख अतिथि लाक्पा शेर्पाले आङ गेलु शेर्पासँग संगीतको ज्ञान भएको कुरा आफूले बल्ल थाहा पाएको बताएका थिए । त्यस्तै म्यूजिक भिडियोका निर्देशक लाक्पा शेर्पा भिजेले म्यूजिक भिडियो निर्माणका क्रममा भएका घटनाहरूलाई बताएका थिए । सोलुको जनजीवन र पर्यटकीय क्षेत्रलाई लक्षित गर्दै बनाइएको गीत अनुसार घर मेरो सोलुलाई स्याङबोचेमा गएर छायाँकन गरिएको बताएका थिए । कार्यक्रमलाई समापन गर्दै संगीत कला पत्रकार संघका अध्यक्ष सुमन बैरागीले रेमिट्यान्सले धानेको संगीत क्षेत्रमा आङ गेलु शेर्पा पनि पछिल्लो उदाहरणका रूपमा आएको बताएका थिए । उनले आङ गेलु पुराना संगीतकर्मी भए पनि अमेरिकाको बसाईलाई संगीतसँग साट्न पुगेको बताउँदै घर मेरो सोलु अब पर्यटकीय गीतसमेत भएको बताएका थिए ।

म्यूजिक भिडियोमा लाक्पा शेर्पा भीजेको निर्देशन रहेको छ भने सुरज खड्काको सहायक निर्देशन रहेको छ । सरस्वति लामाको कोरियोग्राफ रहेको छ । आङ गेलु शेर्पाको स्वर रहेको उक्त गीतमा रोज मोक्तानको शब्द र संगीत रहेको छ । म्यूजिक भिडियोमा रञ्जिता गुरूङको अभिनय रहेको छ । सोलुको पर्यटकीय दृश्यहरूलाई भिडियोमा कैद गरिएको छ । कार्यक्रममा संगीत कला पत्रकार संघको कल्याणकारी कोष निर्माणका लागि आङ गेलु शेर्पाले नगद राशि १० हजार प्रदान गरेका थिए । गीतसंगीतको क्षेत्रमा क्रियाशील पत्रकारहरूको कल्याणकारी कोष निर्माणमा जुटिरहेको संघलाई गायक शेर्पाले आफ्नो तर्फबाट सहयोग निरन्तर जारी रहने प्रतिबद्धतासहित १० हजार प्रदान गरेको कार्यक्रममा बताइएको थियो ।

## बराकोटीलाई प्रस्तोता नेपालको बीस हजार



**म्यूजिकखबर** । चार महिना अघि सडक दुर्घटनामा परेर देब्रे खुट्टा गुमाउन पुगेका लोकगायक भरत बराकोटीलाई प्रस्तोता समाजको तर्फबाट २० हजार रूपैयाँ प्रदान गरिएको छ । बराकोटीको कृत्रिम खुट्टा प्रत्यारोपणका लागि समाजले उक्त सहयोग प्रदान गरेको अध्यक्ष हेमन्त शर्माले म्यूजिक खबरलाई बताए । पौष १५ गते शुक्रबार धादिङबेसीमा भएको पाँचौं धादिङ महोत्सवको अवसरमा आफ्नो सांगीतिक प्रस्तुति दिएसँगै सहयोग रकम पनि प्रदान गरिएको अध्यक्ष शर्माले बताए । धेरै दर्शक माझ गाउँदा जति खुशी लाग्यो त्यो भन्दा बढि खुशी गायक बराकोटीलाई सहयोग गर्न पाउँदा भएको शर्माले बताए । बराकोटी मात्र होइन गीतसंगीतमा लागेर जसले आफ्नो जीवन समर्पण गरेका छन् ती स्रष्टाहरूलाई हामी सबै मिलेर सहयोग गर्नुपर्छ शर्माले भने ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मनोरञ्जन समाचारका लागि
SN SCREENNEPAL
म्यूजिक डायरी Music Diary
साप्ताहिक फिल्मी खबर
हरेक बिहीबार, मनोरञ्जनको सूचना र समाचार





# बरालको "क्यामेरा जिन्दगी"

म्यूजिक खबर

सांगीतिक क्षेत्र रमाइलोको क्षेत्र भन्ने बुझिन्छ । तर यहाँ पोख्त भएर काम गर्न धेरै गाह्रो छ । समाजले देखेको रमाइलो क्षेत्रभित्र कठिनाइ भोग्दै सफलता खोज्नु भनेको चुनौतिको विषय पनि हो । रविन्द्र बराल भरतपुरदेखि काठमाडौं छिर्दा धेरै सपनाहरू बोकेर छिरेका थिए । हुन त उनी ०५५ सालदेखि नै टेलिभिजन कार्यक्रमहरूमा संलग्न हुँदै आएका हुन् । एउटा छायाँकार (क्यामेरा पर्सन)का रूपमा काम गर्दै गर्दाको चुनौति धेरै अवसर थोरै थियो । आफूलाई सक्षम क्यामेरामेन भनेर चिनाउनका लागि उनले गरेको संघर्षको कथा बेग्लै छ । गायक गायिका, हिरो हिरोइन त पर्दामा देखिने हुँदा सबैले चिन्छन् तर सफल क्यामेरामेन भइरहँदा पनि पर्दापछाडि परिरहने अवस्था भने प्राविधिकहरूमा धेरै हुने गर्छ ।

०६० सालदेखि निरन्तर व्यवसायिक रूपमा काम गर्न थालेका छायाँकार बरालले आधुनिक, पप, लोकदोहोरी र चलचित्र गरेर करिब ५ सयभन्दा बढीको संख्यामा आफ्नो कार्यकुशलता देखाइसकेका छन् । उनको क्यामराभित्र धेरै म्यूजिक भिडियो र फिल्महरू कैद भएका छन् । उनले खिचेको लोकदोहोरीको म्यूजिक भिडियोको कुरा गर्दा पनि चर्चित गीतहरूकै नाम अग्रपंक्तिमा आउँछ । जापान टोकियो, माझी दाइ पोखरा फेवातालको, पानसमा बत्ती बालेको, पानी घट्टामा, बनको काफल वनकै चरिलाई जस्ता सफल र चर्चित गीतहरूको म्यूजिक भिडियोलाई क्यामेरामा कैद गरेर बरालले राम्रो भिडियोका रूपमा बाहिर ल्याउन सफल भएका थिए । आधुनिक गीतहरू पनि दर्जनौं छायाँकन गरेका उनले आफ्नै निर्माणमा चलचित्र मेरो कथासमेत निर्माण गरे । चलचित्र परदेशीको उमंगमा पनि उनको क्यामेराको तारिफ गरिएकै थियो । उनको छायाँकनमा निर्माण भएको चलचित्र 'मेरो देश' अब प्रदर्शनको तयारीमा छ ।


आफैं छायाँकार भइसकेपछि सम्पादन र निर्देशनमा पनि उनको राम्रो ज्ञान छ । छायाँकनको दुनियाँमा एक दशकको यात्रा पार गरिसक्दा धेरै अनुभव बटुल्नुका साथै धेरै कुराहरू सिक्ने मौका समेत मिलेको बराल बताउँछन् । एउटा सफल क्यामेरामेन हुनका लागि प्राविधिक शिक्षाको ज्ञान हुनु अनिवार्य छ । पेशाप्रति इमान्दार र सक्षम भइयो भने प्राविधिक क्षेत्रमा भोकै बस्नु पर्ने अवस्था आइनपर्ने उनको ठम्याइ छ । प्राविधिकहरू आफ्नो पारिश्रमिकमा अडान लिएर काम गर्न पाउँछन् । यसैभित्र जीवन निर्वाह र कमाइको अवस्था देखेका बरालले पछिल्लो समय आएका नयाँ निर्देशकहरूसँगको अवस्था देखेर पेशाप्रति अन्याय गरें की ! जस्तो अनुभव भएको स्वीकार्छन् । निर्देशनको न पनि नजानेका नयाँ निर्देशकहरूसँग काम गर्दा आफूले धेरै गाइड गर्नुपर्ने हुन्छ । निर्देशनको पाटो र छायाँकनको पाटोलाई आफैंले जिम्मेवारीपूर्वक सम्हालेर निर्देशक बनाउनुपर्दा दुःख लाग्छ । पुराना निर्देशकहरूसँग काम गर्दा उहाँहरूको निर्देशकीय क्षमता अनुसार क्यामेरा चलाउन पाइन्छ जसले म्यूजिक भिडियो होस् वा फिल्म राम्रो बन्न सक्छ । तर नयाँसँग काम गर्दा थोरै बजेटमा आफूलाई निर्देशक वा कलाकार बनाउने बहनामा कलाकारिताभित्र अन्याय भएको जस्तो महसुस हुने गर्छ, बरालले भने ।

बराल एउटा प्राविधिक मात्र नभएर एउटा निर्माण कम्पनी संचालकसमेत हुन् । विगत ७ वर्षदेखि निरन्तर भिजन नेपाल फिल्म्स एण्ड इन्टरटेनमेन्ट संचालन गर्दै म्यूजिक भिडियो होस् वा चलचित्र दुवै निर्माण गर्दै आइरहेका छन् बरालले । म्यूजिक भिडियो, चलचित्र, डकुमेन्ट्री निर्माणका लागि चाहिने उपकरणसमेत भाडामा दिँदै आइरहेको छन् । प्राविधिक क्षेत्रमा राम्रो कमाइ देखेर यो क्षेत्रमा हात हालेका बरालले पछिल्लो समयमा आफ्नै कथामा चलचित्र निर्माण गर्ने सोचमा स्क्रिप्ट लेखिरहेका छन् ।

बरालले छायाँकनै पेशामा लागेर मुलुकमा हुने अवार्ड र सम्मानहरू पनि पाएका छन् । एफएलएफ अवार्ड २०१६, नेशनल क्यापिटल अवार्डमा सर्वोत्कृष्ट छायाँकारको अवार्ड चुमिसकेका बरालले उनकै निर्माणमा तयार भएको चलचित्र मेरो कथाबाट राष्ट्रिय चलचित्र अवार्डमा सर्वोत्कृष्ट पटकथाको अवार्डसमेत हात पारेका छन् ।

## छोटकरी

### साहित्यकार दिक्षितको निधन



**म्यूजिकखबर** । नेपाली भाषा–साहित्यसेवी कमलमणि दीक्षितको ८७ वर्षको उमेरमा पुष १४ गते विहीबार बिहान निधन भएको छ । तीन महिनायता फोक्सोको क्यान्सरबाट पीडित भएका दिक्षितलाई स्वास्थ्यमा समस्या देखिएपछि गत सोमबार अस्पताल लगिएको थियो । श्वासप्रश्वासको समस्याबाट पीडित उनको ललितपुरको बीएन्डबी अस्पतालमा उपचारको क्रममा बिहान दुई बजेर ४५ मिनेटमा निधन भएको पारिवारिक स्रोतले जनाएको छ ।

१९८६ भदौ कुशे औंशीमा काठमाडौंको गैरीधारामा जन्मिएका उनी ललितपुरको पाटनढोकास्थित निवासमा बस्दै आएका थिए । मदन पुरस्कार गुठी र मदन पुरस्कार पुस्तकालयका संस्थापक तथा अध्यक्ष रहेका दीक्षित विभिन्न सामाजिक, साहित्यिक, शैक्षिक र व्यवसायिक संघसंस्थामा सक्रिय थिए । मदन पुरस्कार गुठीबाट प्रकाशन हुने नेपाली त्रैमासिक पत्रिकाको वि. सं. ०१३ देखि सम्पादन गर्दै आएका थिए ।

दीक्षितका आफ्ना सिर्जना र सम्पादित पुस्तक गरी ७५ भन्दा बढी कृति प्रकाशित छन् । विशेष गरेर साहित्यिक अनुसन्धानमा चाख राख्ने उनका 'यस्तो पनि', 'कालो अक्षर', 'कागतीको सिरप', 'चार कन्था', 'शाखा सन्तान' लगायत कृति उल्लेख्य छन् । उनका तीन सन्तान छन् । छोराहरू कुन्द दीक्षित र कनकमणि दीक्षित तथा छोरी रूपा जोशी पत्रकारितामा क्रियाशील छन् । पत्नी अञ्जु पौडेलको गत वर्ष पुस ३ गते निधन भएको थियो ।

STREET NEPAL STREETNEPAL.COM total newsportal

व्यवसायिक हटलाइन ☎ ०१-४०१०५४५

लोक, आधुनिक, पप शैलीका गीतसंगीतको एरेन्ज गर्नु परेमा सम्झनुहोस् ।

सुदीप सागर
एरेन्जर
९८५११८८२३७

गीतसंगीतको रेकर्डिङ, संगीत, एरेन्ज एवं अडियो भिडियो उत्पादन तथा बजार प्रबर्द्धनका लागि हामीलाई सम्झनुहोस् ।
MB Music Recording Studio
Kapoordhara Marga, VK Plaza, Samakhusi, Kathmandu.
सम्पर्कः ९८४१८७९१०५, ९८४१३४१३२२

New World
The best Shirting Suiting & Tailoring Center
Bagbazar (opposite of PK Campus) Tel: 01-4244789

गीतसंगीतको अडियो भिडियो उत्पादन तथा बजार व्यवस्थापनका लागि हामीलाई सम्झनुहोस् ।
VIBES CREATION
परशुराम रिजाल
प्रबन्ध निर्देशक तथा
भाइब्स क्रियशन प्रा.लि.
सम्पर्कः ०१-४२२२९७१, ९८५१०९२६८८

गीतसंगीतको रेकर्डिङ, संगीत, एरेन्ज एवं अडियो भिडियो उत्पादन तथा बजार प्रबर्द्धनका लागि हामीलाई सम्झनुहोस् ।
झलक संगीतम्, संगीतकार/एरेन्जर
आलाप रेकर्डिङ स्टुडियो
फोनः९८४९१५५०९७



www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Bi-weekly Magazine पाक्षिक
काठमाडौं, जि.प्र.का. दर्ता नं २३२/०७३/०७४

# मखमली स्वरकी धनी बिन्दु

**सविता पोखरेल**, म्यूजिक खबर

बाल्यावस्थादेखि नै संगीत भनेपछि भुतुक्कै हुने बानीका कारणले नै अहिले स्थापित गायिकाको परिचय बनाउन सफल भएकी छिन् गायिका बिन्दु परियार । तुलसीपुर नगरपालिका-१५, दाङमा पिता होम बहादुर परियार र माता शान्ता परियारको ४ सन्तानमध्ये दोश्रो सन्तानको रूपमा जन्मिएकी बिन्दु नेपाली संगीतलाई नै जीवनको केन्द्रविन्दु ठान्दछिन् । स्कुलमा आयोजना हुने सांस्कृतिक कार्यक्रमहरूमा, गायन प्रतियोगितामा भाग लिएपछि साथीभाइ र आफन्तहरूले उनको गायकीकलाको प्रशंसा गर्न थाले । त्यसपछि आफू भित्र गायिका बन्ने प्रतिभा देखेर उनी संगीत क्षेत्रमा समर्पित बनिन् ।

तुलसीपुर स्थित 'शरीरगंगा एफएम'मा आयोजित 'गायन आइडल' प्रतियोगितामा प्रथम भएपछि उनको गायकीका लागि टर्निङ प्वाइन्ट बन्यो । गायन आइडलको उपाधि पश्चात उपहार स्वरूप उनले चलचित्र 'अप्रिल फूल'को 'तेरो मेरो पिरती भयो कस्तो कस्तो' बोलको गीतमा आफ्नो मखमली स्वर भर्ने मौका पाइन् । उक्त गीतमा पत्रकार शान्तिप्रियको शब्द र दिपक शर्माको संगीत रहेको छ । यसो त उनलाई गायिका बन्ने खुबी देखेर हौस्याउने साथीहरू र परिवारका सदस्यहरूको प्रंशसालाई बिर्सन नसक्ने बताउँछिन् । त्यो भन्दा बढी अहिलेका व्यस्त युवा संगीतकार दिपक शर्माको साथ सहयोगलाई पनि बिर्सन सक्दिनन् ।

पश्चिमको तराई दाङकी छोरी बिन्दु सिक्ने थलो एउटै, लक्ष्य एउटै भएका कारण संगीत संयोजक सुदिप सागरसँग बैबाहिक जीवनमा बाँधिएर पहाडि जिल्ला अर्घाखाँचीकी बुहारी बनेकी छिन् । संगीतमा समर्पित भएकी बिन्दुले संगीतकर्मीसँग नै जोडि बाँधिन पाउँदा आफूलाई भाग्यमानी भएको महशुस गर्दछिन् । विगत ४ वर्षदेखि संगीत पाठशालामा चण्डी प्रसाद काफ्लेसँग संगीतको शिक्षा लिइरहेकी बिन्दु यतिबेला आफ्नो एकल एल्बम निकाल्ने सोचमा छिन् । संगीत भनेकै साधना हो भनेर संगीतको परिभाषा गर्ने उनी दैनिक २-३ घण्टा संगीत साधना गर्ने गर्दछिन् । गोजीमा गाँठ भएका तर गलामा कला नभएकाले संगीत क्षेत्रलाई बिगारेकोमा दुखसो पोख्दै उनी भन्छिन् साधना गरेर क्षमतामा निखारता ल्याएपछि मात्र संगीत क्षेत्रमा आइदिए राम्रो हुने थियो ।

यतिबेला उनको प्रसंशा गर्नेहरू मध्ये कसैले अन्जु पन्तको स्वरमा तुलना गर्दछन् भने कसैले सपना श्रीको जस्तो आवाज भन्ने गर्दछन् । तर बिन्दु चाहन्छिन् आफ्नो स्वर अरू चर्चित चलेका गायिकाको जस्तो नभएर आफ्नै जस्तो होस् अनि प्रशंसा गर्नेहरूले भनुन् बिन्दुको स्वर आहा कति राम्रो अनि अन्य भन्दा पृथक । संगीत क्षेत्रमा खासै लामो यात्रा नगर्दै पनि उनले १५० बढी गीतहरूमा स्वर दिइसकेकी छिन् । उनी भन्छिन्- मैले स्वर दिएका गीतहरूमध्ये 'मलाई छोडेपछि'ले मलाई चिनाएको हो ।

देशका विभिन्न स्थानमा स्टेज प्रस्तुति दिंदै दर्शक श्रोतासँग एकाकार हुँदै आएकी


**कसैले अन्जु पन्तको स्वरमा तुलना गर्दछन् भने कसैले सपना श्रीको जस्तो आवाज भन्ने गर्दछन् । तर बिन्दु चाहन्छिन् आफ्नो स्वर अरु चर्चित चलेका गायिकाको जस्तो नभएर आफ्नै जस्तो होस् अनि प्रशंसा गर्नेहरुले भनुन् बिन्दुको स्वर आहा छुट्टै पृथकको ।**

बिन्दुले भर्खरै छवि ओझाको निर्मित चलचित्र 'मङ्गलम्' मा गायक कृष्ण काफ्लेसँग दिपक शर्माको शब्द संगीतमा 'पर्ख पर्ख माया' बोलको गीतमा स्वर दिएकी छिन् । उक्त गीतले नयाँ उत्साह र हौसला थपिएको बताउँदै उनी भन्छिन् 'मङ्गलम्'को उक्त गीतबाट म निकै नै आशावादी छु । यस गीतले गायिका बिन्दु परियारको परिचयलाई थप मजबुत बनाउनेमा म ढुक्क छु ।










म्यूजिक खबर पाक्षिकका लागि प्रकाशक/सम्पादकः **सविता पोखरेल**, प्रधानसम्पादकः **सुमन बैरागी** कार्यालयः पुतलीसडक, काठमाडौं । फोनः ०१-४०१०५४५,
इमेलः musickhabar.com@gmail.com वेभः www.musickhabar.com मुद्रणः गौरीशंकर प्रिन्टिङ प्रेस एण्ड पब्लिकेशन, बागबजार काठमाडौं